# बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुडा, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल



# आठौं गाउँसभा

## आ.व. २०७८/०७९ को निति तथा बजेट वक्तव्य

मितिः२०७८।०३।१०

**गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री भगवती देवी डंगौरा थारुले प्रस्तुत गर्नुभएको बर्दगोरिया गाउँपालिकाको आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम**

१. बर्दगोरिया गाउपालिकाको आठौं गाउँसभा अधिवेशनका सभाध्यक्षज्यू, सभामा उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, गाउँसभाका सचिव लगायत बर्दगोरिया गाउपालिकाका कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु, सुरक्षाकर्मी लगयत सम्पुर्ण उपस्थित महानुभावहरु मा सबैभन्दा पहिला म यहाँहरु सबैलाई हार्दिक स्वागतका साथ अभिवादन व्यक्त गर्दछु ।

२. नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्टिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीबिकाको लागि राज्य व्यवस्था परिवर्तनको आन्दोलनहरुमा सामाजिक परिवर्तनका निमित्त वीरगति प्राप्त गर्नुहुने र बिश्वव्यापी महामारीको रुपमा फैलीरहेको नयाँ भेरियन्ट सहितको कोराना भाईरस कोभिड- १९ का कारण अकालमा ज्यान गुमाउनुहुने, आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । विभिन्न कालखण्डहरुमा भएका आन्दोलनहरूको नेतृत्व गर्नुहुने प्रति उच्च सम्मान व्यक्त गर्दछु, नेपाली समाजको रूपान्तरणमा उहाँहरूले पुऱ्याउनुभएको महान योगदानको पुनः स्मरण गर्न चाहन्छु।

३. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको स्वःशासनको चाहनाका पृष्ठभूमिमा विगत कालखण्डका विभिन्न समयमा भएका ऐतिहासिक जनआन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको उदय भई नेपालको संविधान बाट संघीय संरचनाको स्वरुपको शासन व्यवस्थाको सुनिश्चितता भएको यस सन्दर्भमा स्थानीय तहको निर्वाचनबाट स्थानीय तहमा अधिकार, जिम्मेवारी तथा स्रोत साधन सम्पन्न स्थानीय सरकारको गठन पश्चात जनताका अधिकारको रक्षाका निमित्त हाम्रो चार वर्षे यात्राले विकास निर्माणका गतिविधिहरु संचालन गर्दै जाँदा त्यसको अनुभूत प्राप्त भएको छ । यस परिप्रेक्ष्यमा एकातिर स्थानीय तहमा जनताको चाहना अनुसार जनताकै घरदैलोमा स्थानीय स्तरमा जनतालाई सेवा सुविधा पुगाउनुपर्ने तथा अर्कोतर्फ आर्थिक, सामाजिक, भौतिक लगायतका क्षेत्रको उन्नती गर्दै सामाजिक परिवर्तनको बाटोलाई सन्तुलित विकासका माध्यमबाट समृद्धिको मार्गमा प्रस्थान गर्नु पर्ने व्यापक जिम्मेवारी स्थानीय सरकारका सामु खडा छ। सम्पूर्ण विश्व नै कोभिड-१९ कोरोना भाइरस महामारीको नयाँ भेरियन्ट समेतको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा आज यस आठौं गाउँसभा बैठकलाई सम्बोधन गर्दैछु।यस्तै जिम्मेवारी वहनको अवस्थामा बर्दगोरिया गाउपालिकाको आ.व. २०७८।७९ को बजेट यस बर्दगोरिया गाउपालिकाको गरिमामय आठौं गाउँसभा अधिवेशनमा प्रस्तुत गर्न पाउँदा मैले आफूलाई ठूलो गौरवान्वित भएको महसुस गरेकी छु ।

४. कोभिड-१९ महामारीका कारण मानब जातिमाथि शताब्दीकै सबैभन्दा ठूलो सङ्कट पैदा भएको छ। बिश्वस्तरमै यस महामारीविरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरू अपर्याप्त देखिएका छन्। यस महामारीबाट लाखौं मानिसको ज्यान गइसकेको छ, अरू लाखौं सङ्क्रमित छन्। यस महामारीबाट सङ्क्रमित भई ज्यान गुमाउनुहुने बर्दगोरिया गाउँपालिका बासी तथा सम्पुर्ण नेपाली नागरिकहरूका शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पुर्ण दिदीबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

५. कोभिड-१९ ले सबै मुलुकको अर्थव्यवस्थामाथि गम्भीर धक्का पुऱ्याएको छ। बिश्व पर्यटन तथा आवागमन अवरुद्ध छ। उद्यम व्यवसाय प्रायः बन्द छन् । उत्पादन र वितरण प्रणाली गम्भीर रूपमा प्रभावित छ। लाखौंको रोजगारी गुमेको छ दिगो बिकासको लक्ष्यप्राप्तिमा ठूलो व्यवधान खडा भएको छ।

६. आज सारा विश्व यस साझा, तर अदृष्य दुश्मनका बिरुद्ध कठिन युद्ध लडिरहेको छ। मानवजातिले जित्नैपर्ने यो युद्ध कहिले र कसरी समाप्त होला भन्ने भय, चिन्ता र अन्यौल व्याप्त छ। यतिबेला विश्व समुदायबीच ऐक्यबद्धता, सहकार्य, आत्मविश्वास र आशाबादको ठूलो खाँचो छ।

७. यस महामारीबाट हुने आर्थिक क्षतिको पूर्ति त आगामी दिनमा हुनसक्छ, प्रविधिको अन्वेषण गर्दै जान सकिन्छ, समाज फेरि समृद्ध बन्न सक्छ।तर गुमेको अमूल्य मानव जीवनको पुनःप्राप्ति र क्षतिपूर्ति हुनसक्दैन ।त्यससँगै क्षति हुने मानवीय पुँजी, दक्षता, विज्ञता र बिचारको क्षति पनि अपूरणीय हुन्छ। त्यसैले यतिखेर मानिसको जीवन रक्षा र मानवजातिको संरक्षण सरकारहरूको सर्वोच्च कर्तव्य हुन आएको छ।

८. कोभिड-१९ को सङ्क्रमण प्रारम्भ भएलगत्तै स्थानीय सरकारले अवलम्बन गरेको स्पष्ट रणनीति, समन्वयात्मक कार्यशौली एवं सबै गाउँपालिका बासीको एकता, धैर्य र सहयोगले अहिलेसम्म यस रोगको सङ्क्रमणबाट केहि हद सम्म रोकथाम तथा नियन्त्रण गर्न हामी सफल भएका छौं। सङ्क्रमण थप फैलन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एकढिक्का भएर दृढताका साथ लाग्न म सबैमा आह्वान गर्दछु ।

९. जोखिमपूर्ण परिस्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मी, एम्बुलेन्स चालकलगायत सम्पूर्ण राष्ट्रसेवकको म उच्च प्रशंसा गर्दछु । अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबै व्यक्ति तथा सङ्घ-संस्थालाई धन्यवाद दिन चाहन्छु। कोभिड-१९ सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि बर्दगोरिया गाउँपालिकाले चालेको कदममा पूर्ण साथ दिई सहयोग गर्नुभएकोमा म सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्दछु।

१०. महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पुऱ्याउने जनप्रतिनिधि, राजनीतिक दल, निजी तथा व्यावसायिक क्षेत्र, सञ्चारजगत र "कोरोना रोकथाम, नियन्त्रण र उपचार कोष" मा रकम उपलब्ध गराउने सबैलाई धन्यवाद दिन चाहन्छु। आफैं विश्वव्यापी महामारीसँग जुध्नु परिरहेको कठिन परिस्थितिमा समेत हामीलाई सहयोग पुऱ्याउने ज्ञातअज्ञात सबैलाई सराहना गर्दछु।

११. कृषि र पर्यटनको प्रचुर संभावना बोकेको यस गाउँपालिका संग थुप्रै अवसर र चुनौती रहेका छन् । विद्यमान चुनौतीको बुद्धिमतापुर्ण व्यवस्थापन गरी प्राप्त अवसरहरुको समुचित उपयोग मार्फत गाउँपालिकाको समृद्धिको आधार सिर्जना गर्ने विषयमा गाउँपालिका दृढ रहेको छ । गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक साथै भौगोलिक विविधतालाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा निरन्तर रुपमा अघि वढ्न यस गाउँपालिका दृढ रहेको छ ।

१२. स्थानिय सरकारले जनतासंग हातेमालो गरी बिकासका गतिविधीहरुमा प्रत्यक्ष रुपमा सहभागि हुने सुअवसर प्राप्त गरि विकास निर्माण तथा सेवाप्रवाहलाई निरन्तरता दिने चार बर्षे कार्यकाल सफल भएकोमा कार्यकारी अधिकृत लगायतका सम्पूर्ण प्रतिनिधि ज्यू एवम कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

१३. यस गाउँपालिकाको मुख्य चुनौतिको रुपमा रहेको नदी नियन्त्रण, डुवान नियन्त्रण, ढल निकास, सुकुम्वासी समस्या समाधान, सार्वजनिक पूर्वाधार, खुल्ला क्षेत्र, खेलकुद मैदान, छाडा चौपाया नियन्त्रण, संक्रमित रोग नियन्त्रण तथा मनोरन्जन स्थलको व्यवस्थापन गाउँपालिकाको प्रमुख दायित्व रहेको कुरा अवगतगर्दै सिमित वित्तीय स्रोतवाट जनताका असिमित चाहनाहरु पुरा गर्न कठिन हुने अवस्थालाई मध्यनजर गर्दै उपलव्ध स्रोत र  साधनलाई जन अपेक्षा अनुरुप प्राथमिकीकरण गरी स्रोत व्यवस्थापन गर्ने तर्फ मैले यथेष्ट प्रयास गरेकीछु ।

१४. आर्थिक वर्ष २०७८।०७९ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । अव म यस गरिमामय सभामा आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।अव म आ.व.२०७७।७८ को प्रगति समिक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आ.व.२०७७।०७८ मा आन्तरीक आयतर्फ आ.व. २०७७।०७८ को अल्या. रु. ३ करोड ९४ लाख १० हजार रहेको आन्तरिक आयवाट रु. १ करोड मात्र अनुमान गरिएकोमा २०७८ साल जेठ मसान्त सम्म संकलन भएको राजस्व बाट प्राप्त शुल्क रु. १ करोड ३३ हजार ३६ रुपैया ५० पैसा पुगेकोछ । प्राकृतिकश्रोतबाट प्राप्त रकम रु. १ करोड ४ लाख ४ रुपैया विभाज्य कोष खातामा मौज्दात रहेकोछ । यसैगरि आ.व. २०७७।०७८ मा ३७ करोड ८५ लाख ६९ हजार ६ सय ७० रुपैया, कुल आम्दानी अनुमान गरिएकोमा २०७८ जेष्ठ मसान्त सम्म ३८ करोड ६६ लाख ३१ हजार ७ सय ४ रुपैया ९४ पैसा प्राप्त भैसकेको जानकारी गराउन चाहन्छु । खर्च तर्फ आ.व.२०७८ जेष्ठ मसान्त सम्मको चालु खर्च ६४.४६ प्रतिशत, पुजिगतखर्च ३०.८७ प्रतिशत भएको जानकारी गराउन चाहन्छु ।

वित्तिय अनुशासनतर्फ विचार गर्दा आयव्ययको लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट सम्पन्नहुने संवैधानिक प्रावधानले गर्दा आर्थिक अनुशासन कायम गर्ने कुरामा सुधार आउने र कार्यालयका सम्बन्धित शाखा कर्मचारीको क्षमता विकास हुनजाने अपेक्षा लिएको छु । यसका अतिरिक्त जनप्रतिनिधीहरुले भष्ट्राचारमा शुन्य सहनशिलताको नीतिलिने प्रण गरेको कारणले समेत वित्तिय अनुशासनमा सुधार आउने कुरामा म विश्वस्त छु ।

**आदरणीय, गाउँसभा सदस्यज्यूहरु,**

अव म बर्दगोरिया गाउँपालिकाले आ.ब. २०७८।०७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछु ।

- ❖ नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- ❖ संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- ❖ संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,

- प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नीतिहरु,
- स्थानीय आर्थिक कार्य प्रणाली एवम् एकल तथा साझा अधिकार सूचि,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका विभिन्न प्रतिबद्धताहरु,
- स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य स्थानीय तहमा संचालन सम्बन्धी ऐन, नियमावलीका प्रावधानहरु,
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरुः सहस्राव्दी विकास लक्ष्य, दीगो विकास सम्बन्धि नीति, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्य सम्बन्धित बिषयहरु
- निर्वाचनको क्रममा जारी गरीएको निर्वाचन घोषणापत्रहरु
- बर्दगोरिया गाउँपालिकाले आवश्यक ठानेका बिषयहरु

**आदरणीय, गाउँसभा सदस्यज्यूहरु,**

माथि उल्लेखित प्राथमिकीकरणका आधारमा बर्दगोरिया गाउँपालिकाले आ.व. २०७८/०७९ को लागि तय भएका प्रमुख क्षेत्रगत नितीहरु प्रस्तुत गर्न चाहन्छु ।

- गाउँपालिकालाई आर्थिक रुपमा सवल बनाउने उद्देश्य अनुरुप करको दायरालाई फराकिलो बनाईनेछ र करका नयाँ श्रोतहरुको खोजी गरी आन्तरिक आय वृद्धि गर्ने नीति लिइने छ । यसका लागि सरोकारवालाहरुसँगको छलफललाई तिव्रता दिई आवश्यक नीति निर्माण गरिनेछ ।
- गाउँपालिकाको सवै क्षेत्रमा यस भन्दा अगाडि लगाइएको करलाई निरन्तरता दिइनेछ ।
- श्रोत परिचालन र व्यवस्थापनलाई बैकल्पिक र यथार्थ परक बनाउने नीति लिदै सबै करका शीर्षकहरुलाई व्यवस्थित वनाई अनलाइन प्रणालीको माध्यमबाट कर संकलनलाई अझै प्रभाबकारी बनाउने नीति अवलम्वन गरिनेछ । साथै सेवाग्राहीहरुलाई कम्प्यूटरकृत प्रणालीको माध्यमबाट झन्झट रहित सेवा प्रदान गरिनेछ ।
- श्रोत परिचालन तथा व्यवस्थापनमा नीजि क्षेत्रको सहभागीता बढाउदै Public private partnership (PPP) को अवधारणा अनुरुप प्रतिस्पर्धात्मक विधि मार्फत आर्थिक उपार्जन गर्ने नीति अवलम्बन गरिनेछ ।
- व्यवसाय करलाई व्यवस्थित गर्न र नीजि क्षेत्रको सहभागीतालाई अझ प्रभावकारी बनाई व्यवसायको कारोवार एवम् पूँजीको आधारमा व्यबसाय वर्गीकरण गर्ने नीति अवलम्बन गरिने छ ।
- गाउँपालिकामा सबै भन्दा बढी कर तिर्ने करदातालाई एवम् रोजगारी सृजना गर्ने तथा गाउँपालिकालाई आर्थिक रुपमा आत्मनिर्भरता तर्फ लैजाने व्यवसायी/उद्योगीलाई सम्मान गर्ने कार्यक्रमको थालनी गरिने छ ।
- गाउँपालिका क्षेत्र भित्र रहेको प्राकृतिक श्रोतहरु (नदीजन्य पदार्थ सहित) को समुचित प्रयोगका लागि वातावरणीय प्रभाव मूल्यांकनमा जोड दिइनेछ ।
- पूर्वाधार निर्माण, खरिद कार्य तथा आय संकलनका क्षेत्रमा आव्हान गरिने बोलपत्रलाई अधिकतम रुपमा प्रतिश्पर्धा गराउन ई-विडिङ्ग प्रणालीलाई विषेश प्रथामिकता दिइने नीति लिइने छ ।

- ❖ गुणस्तरीय र जीवन उपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभूत खानेपानी लगायतका सामाजिक आर्थिक तथा भौतिक पूर्वाधार विकास तथा निर्माण गुणस्तरीय तथा पहुचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शि शासन व्यवस्थाको सुदृढीकरण गरिनेछ ।
- ❖ गाउँबासीहरुका लागि काम र रोजगारीका अवसर, खाद्य सुरक्षा समाजिक सुरक्षा र संरक्षणका कार्यक्रम ल्याइनेछ ।
- ❖ विकासको शिघ्र प्रतिफल प्राप्त हुने र आगामी वर्ष भित्र सम्पन्न हुने प्रमुख अधुरा आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।
- ❖ सूचना प्रविधि मैत्री प्रशासनको विकासमा विषेश जोड दिइने छ।

## विषयगत रुपमा तयार पारिएका नीतिहरु

### १) आर्थिक विकास

### क) कृषि विकास तर्फ

गाउँपालिका क्षेत्रको सम्भाव्यताको अध्ययन गरी कृषि उत्पादनमा व्यवसायीकरण, यान्त्रिकरण तथा बजारीकरणमा विशेष जोड दिँदै कृषि फार्म, सामूहिक खेती प्रणाली, सामूहिक पशुपालन जस्ता क्षेत्रलाई आत्मनिर्भर र र्यादित बनाउने नीति अवलम्वन गरिने छ । कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरि कृषि व्यवसाय, कृषिउद्धोग, कृषि समूह तथा कृषि सहकारी मार्फत कृषिजन्य वस्तुहरुको उत्पादन र उत्पादकत्व बुद्धि गर्न निजि तथा साझेदार लगानी मार्फत लक्षित बर्गको आयआर्जन अभिबृद्धिमा जोड दिइनेछ ।

- ❖ प्रत्येक वडामा बाली विशेष पकेट क्षेत्र स्थापना गरी कार्यक्रम सञ्चालन गरिनेछ । कृषकहरुको कृषि उत्पादनको बजारीकरणका लागि कृषि हाट बजार सञ्चालन गरिनेछ ।
- ❖ कृषि व्यवसायीकरण गरी उत्पादन वृद्धि गर्न उत्पादन लागत कम गर्न आधुनिक कृषि यन्त्र उपकरणहरु कृषकहरुलाई ५० प्रतिशन अनुदानमा वितरण गरिनेछ ।
- ❖ उच्च मूल्यका बालीहरुको उत्पादन वृद्धि गर्नका लागि मसला बाली अन्तर्गत प्याज लसुन खुर्सानी बालीहरुको मिसन कार्यक्रम संचालन गरिनेछ ।
- ❖ कृषकले लगाएका विभिन्न बालीहरु खाद्यन्न बाली तरकारी बाली फलफूल बाली रोग किरा व्यवस्थापन र नियन्त्रका लागि बाली उपचार शिविरहरु संचालन गरिनेछ ।
- ❖ ग्रामिण महिला तथा कृषि जे.टी.ए. पछि बेरोजगार रहेका महिला, एकल महिला विपन्न समुदायका बेरोजगार युवा महिला लक्षित गरी विकास लगायतका विविध कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक स्रोतको व्यवस्था मिलाइने छ ।
- ❖ कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरी कृषि फार्म, कृषि उद्योग कृषि समूह तथा कृषि सहकारी मार्फत कृषि जन्य बस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि लक्षित वर्गको आयआर्जन अभिवृद्धिमा जोड दिइने छ ।
- ❖ केन्द्र र प्रदेश सरकारसँग समन्वय गरी कृषि उत्पादन भण्डारणको लागि उपयुक्त ठाउँमा जग्गाको व्यवस्था गरी बहुबाली चिस्यान केन्द्र स्थापनामा जोड दिइनेछ ।

- ❖ व्यवसायिक कृषि गर्ने किसानहरुको लागि कृषि प्राविधिक तालिम च्याउ खेती कौसी खेती बेमौसमी नगदे बाली माटो परीक्षण लगायतका तालिमहरु संचालन गरिनेछ ।
- ❖ मौसम अनुसार किसानहरुलाई धान गहुँ आलुको उन्नत बीउ वितरण गरिनेछ । साथै गाउँपालिका आफैले उन्नत जातको बीउ उत्पादन तथा नर्सरी व्यवस्थापन गर्न पहल गरिनेछ।
- ❖ पशु चिकित्सक र कृषिविज्ञको व्यवस्था गरी पशु चिकित्सालय र कृषि सम्बन्धी तालिमहरुको व्यवस्था गरिनेछ ।
- ❖ किसानहरुलाई कम्पोष्ट मल गड्यौला मल बनाउन आवश्यक तालिम सहित प्रोत्साहित गरिनेछ । र ५०% अनुदानमा प्राङ्गरीक मल वितरण कार्यक्रम संचालन गरिनेछ ।
- ❖ ग्रामिण क्षेत्रमा बेरोजगार रहेका दलित महिला एकल महिला विपन्न वर्ग अल्पसंख्यक मुक्त कमैया आदि वर्गको लागि युवा स्वरोजगार कार्यक्रमको व्यवस्था गरी कार्यक्रम संचालन गरिनेछ ।
- ❖ गाउँपालिका भित्र कृषि व्यवसायमा संलग्न कृषक, कृषि फार्म, कृषक समूह, कृषि सहकारीलाई अध्यक्षा उत्कृष्ट कृषक पुरुस्कारको व्यवस्था गरिनेछ ।
- ❖ विभिन्न फलफूल बाली केरा आँप लिची डर्यागन फ्रुट कागती मेवा आदि बालीको नमूना बगैचा स्थापना गरिनेछ ।
- ❖ पुराना रैथाने बालीहरुको संरक्षण र संवर्धन गर्न थारु आलु विभिन्न जातका धानहरु विभिन्न जातका दलहनहरु विभिन्न जातका तेलहन बालीहरुको जातीय संरक्षण कार्यक्रम संचालन गरिनेछ ।
- ❖ विभिन्न बालीहरुको उन्नत विउँमा ५०% अनुदानमा वितरण कार्यक्रमको व्यवस्था गरी कार्यक्रम गरिनेछ ।
- ❖ हरियो मल प्रदर्शन कार्यक्रम संचालन गरिनेछ ।
- ❖ कृषि व्यवसायलाई आधुनिकीकरण गर्न कृषि पेशालाई मर्यादित गर्न कृषक अध्यन अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- ❖ प्लास्टीक घर प्लास्टीक गुमोच (छापो) कार्यक्रम संचालन गरी बेमौसमी तरकारी उत्पादन कार्यक्रम संचालन गरिनेछ ।
- ❖ कृषि उत्पादन वद्धि गर्नका लागि साना सिचाई अन्तर्गत स्यालो ट्युबेल वितरण कार्यक्रम संचालन गरिनेछ ।
- ❖ च्याउँ खेती प्रवर्द्धन गर्न प्रति वडा २/२ वटा नमूना च्याउ फार्महरु स्थापना गरिनेछ ।
- ❖ व्यवसायीक मौरी पालन विशेष अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- ❖ कृषि प्रसार कार्यक्रम कृषकको घर खेतमा सेवा प्रवाह गर्नका लागि हरित कृषी स्वयम् सेवकको व्यवस्था गरी कृषि सेवा इकाईको व्यवस्था गरिनेछ ।

## ख) पशुसेवा तर्फ

### १.पशुपंक्षी तथा पशुजन्य पदार्थ उत्पादन

- ❖ व्यवसायिक गाई/भैसी पालन कार्यमा प्रोत्साहन गर्नका लागि खरिदमा ढुवानी अनुदानको व्यवस्था गरिनेछ ।
- ❖ पशुपंक्षी तथा पशुजन्य उत्पादनका लागी ब्यबसायीक रुपमा गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा तथा माछा पालन मा जोड दिईने छ।

- ❖ अनुत्पादन पशुहरु घटाई उत्पादनसील पशुपालनमा जोड दिइनेछ ।
- ❖ कम उत्पादनसील पशुहरुलाई उत्पादनसील बनाउन कृतिम गर्भाधानमा जोड दिईनेछ
- ❖ व्यवसायीक पशुपालन फर्म र पशुपालन कृषक समुहहरुलाई प्रोत्साहान हुने गरि कार्यक्रम संञ्चालन गरिनेछ ।
- ❖ पशुजन्य उत्पादन को बजारीकरण का लागी मासु पसल तथा डेरी पसल सुधरमा जोड दिईने छ ।

**२. पशु स्वास्थ्य कार्यक्रम**

- ❖ गाउँपालिकाको पशुसेवा शाखा अन्तरगत संचालीत पशु उपचार सेवा लाई प्रभावकारी बनाईने छ । साथै पशु स्वास्थ्य सेवामा कृषकहरुको पहुच बढाउन बर्दयोरिया गा.पा. वडा नं. ६ अन्तर्गत पशुसेवा इकाई संचालनमा ल्याइनेछ र नियमित पशु स्वास्थ्य सेवावाट बञ्चित कृषकहरुकलाई सेवा प्रदान गर्न पशु स्वास्थ्य शिविरहरु संचालन गरिनेछ ।
- ❖ संक्रमक र माहामरी र जुनोटिक रोग नियन्त्रणका लागी खोप कार्यक्रम संचालन गरिनेछ ।
- ❖ रोग अन्वेषण, सर्भिलेन्स, आउटब्रेक र इपिडियोमालोजीकल रीपोटिङ्गलाई थप प्रभावकारी बनाईने छ ।

**३) पशु आहार कार्यक्रम**

- ❖ पशु आहारका लागी बाह्रै महिना हरियो घाँस उत्पादनमा जोड दिईनेछ ।
- ❖ घासेबाली हिउदे, बर्षे, बहु बर्षे र डाले घाँस खेतीमा प्राथामीकता दिईने छ ।
- ❖ हिउदे, बर्षे, बहु बर्षे र डाले घाँसको विउ उत्पादनमा जोड दिई ब्यबसायीक घास खेती प्रबर्धन कार्यक्रम संचालन गरिनेछ ।

**४) पशु सेवा प्रसार कार्यक्रम :**

- ❖ कृषक को सिप, क्षमता अभिवृद्धीका लागी विभिन्न चरणका तालीम गोष्ठी तथा अन्तरक्रिय कार्यक्रम संचालन गरिनेछ ।
- ❖ कृषक अवोलोकन तथा भ्रमण कार्यक्रम संचालन गरिनेछ ।
- ❖ दलित, जननाती, द्धोन्दपिडीत, एकल महिला र पिछडीएको बर्गलाई लक्षति गरि आयआर्जनको कार्यक्रम संचालन गरिनेछ ।
- ❖ कुपोषण न्यूनिकरणका लागी पोषण विषेश कार्यक्रम संचालन गरिने छ ।
- ❖ व्यवस्थित पशु बधशाला निर्माण गर्ने नीति लिइनेछ ।

## १.२ उद्योग तथा वाणिज्य (Trade and Commerce)

- ❖ आयआर्जन वृद्धिका लागि सीप विकास तालिमको अवसर जुटाइ उद्यमशिलता विकासमा जोड दिईनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र लघु उद्योग, घरेलु उद्योग तथा साना र ठूला उद्योग स्थापनाका लागि प्रोत्साहित गरिनेछ ।
- ❖ समय समयमा व्यापार व्यवसाय मेला/महोत्सव आयोजना गराई सबैखाले व्यापार व्यसायको प्रर्वधन

गरिनेछ ।

- ❖ सस्तो, सुलभ तथा सुपथ बजार व्यवस्थापनको लागि अनुगमनलाई व्यवस्थित बनाईनेछ ।
- ❖ राज्यको समाबेशी निती अनुसार प्राथमिकतामा परेको जाती तथा समुदायलाई लघु तथा साना उद्यम व्यवसाय संचालनका लागि प्रोत्साहन गरिनेछ ।
- ❖ उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने ।
- ❖ गाउँपालिकाको अर्थतन्त्रको विकासका लागि सबैखाले उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्धन गरि स्थानीय श्रम, सिप र कच्चा पर्दाथमा आधारित लगानीलाई उच्च प्राथमिकता दिनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र संचालन हुने विभिन्न खालका उद्यम व्यवसायहरुको दर्ता तथा नियमन गरिनेछ ।
- ❖ छिमेकी स्थानीय तहहरुसंगको समन्वयमा तुलनात्मक रुपमा फाइदा पुग्ने उद्यम व्यवसायहरु साझेदारिमा संचालन गर्ने र गर्नका लागि उद्योगी, व्यवसायीहरुलाई प्रोत्साहन गरिनेछ ।
- ❖ कालाबजारी, एकाधिकार, कृतिम अभाव सृजना गर्ने र प्रतिस्पर्धा नियन्त्रन जस्ता कार्यलाई पूर्ण रुपमा अन्त्य गर्दै व्यपारिक स्वक्षता र अनुशासन कायम गरि उपभोक्ताको हित संरक्षण गरिनेछ ।
- ❖ साझेदार संस्था तथा बैदेसिक संघ संस्थाबाट सहायता लिदा गाउँपालिकाले पहिचान गरेको प्राथमिकतालाई आधार मानी उक्त सहयोग लाई एकमुष्ट वजेट ( Basket Fund ) मा समाबेश गरि सम्बन्धीत क्षेत्रमा नै उक्त सहयोग खर्च गरिनेछ ।
- ❖ उद्योग क्षेत्रको कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउनका लागी गाउँपालिकामा उद्योग विकास शाखाको स्थापना तथा संचालन गर्ने निति लिइनेछ ।
- ❖ उद्योग ग्रामको व्यवस्थापन गरिनेछ ।

## **१.३ पर्यटन(Tourism)**

- ❖ पर्यटक प्रवद्धनको लागि गाउँपालिकामा प्रमुख पर्यटकीय स्थलहरुको खोजी गरी पूर्वाधारको विकास गरिनेछ ।
- ❖ गाउँपालिका भित्र रहेका सबै मठमन्दिर, मस्जिद चर्च सबैको अभिलेख तयार गरी संरक्षण तथा सुधारका कार्यक्रमहरु संचालन गरिने छ ।

## **१.४ सहकारी नीति**

- ❖ गाउँपालिका भित्र स्थापना भएका सहकारी संस्थाहरुको बार्षिक रुपमा समीक्षा गोष्ठी गरी समस्या पहिचान र निराकरणका लागी कार्यक्रम संचालन गरिनेछ ।
- ❖ गाउँपालिका भित्र सञ्चालित सहकारी संस्थाहरुलाई तालिमको व्यवस्था गरिनेछ ।
- ❖ गाउँपालिकाको नियमन क्षेत्रभित्र दर्ता भई हाल व्यवसायीकरुपमा संचालन हुन नसकिरहेका सहकारी सस्थाहरुको क्षमता विकास र सञ्जालिकरणको लागि सहकारी अभियानको केन्द्रीय संघसँगको साझेदारीमा आधारभूत क्षमता विकासको लागि (आधारशीला) विशेष कार्यक्रम संचालन गरिनेछ ।
- ❖ बर्दगोरिया गाउँपालिका नियमन क्षेत्र भित्रका सहकारी संस्थालाई कार्यालय व्यवस्थापन गर्नको लागि प्रविधि हस्तान्तरण गर्ने नीति लिइनेछ ।
- ❖ गाउँपालिकाको नियमन क्षेत्र भित्र व्यवसायीक कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको बजारीकरण गर्नको लागि कृषि उपज संकलन नमूना कृषि सहकारी पसल स्थापना गरिनेछ ।
- ❖ गरिबीको रेखा मुनी रहेका स्थानीयहरुको पहिचान गरी नेपाल सरकार, सहकारी संस्था र गैर सरकारी संघ संस्थाहरुको समन्व्य र साफेदारीमा आयमूलक तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिरने छ । सहभागिताको माध्यमबाट गाउँपालिका क्षेत्रको गरिबी न्यूनीकरण एवम् सामाजीक पूँजी

निर्माणका कमर्यक्रम संचालन गर्न जोड दिइनेछ ।

❖ स्थापना गरिएका सबै सहकारी संस्थाहरुको नियमित अनुगमन तथा नियमन कडाईका साथ गरिनेछ ।

❖ विभिन्न सहकारी तथा वित्तिय संघ संस्थाहरुबाट सर्व सुलभ ढंगबाट ऋण प्रप्त गर्ने व्यवस्था मिलाई नागरिकहरुलाई हरेक क्षेत्रमा व्यवसायीक बन्न प्रेरीत गरिनेछ ।

❖ सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिका विकासमा आर्थिक एवं समाजिक विकासमा अधिकत्तम परिचालन गरिनेछ ।

**१.५ गरिबी न्यूनीकरण तथा उद्यमशीलता विकास**

❖ आर्थिक समृद्धिको आधार लघु उद्यम मार्फत स्वरोजगार भन्ने अभियान सगै यस बर्दगोरिया गाउँपालिका भित्र एक घर एक उद्यम सृजनामा जोड दिइने छ।

❖ बेरोजगार यूवायूवतीहरुका लागी रोजगारमुलक तथा सिप मुलक तालिम संचालन गरि दक्ष सक्षम जनशक्ती विकास गरी आन्तरिक रोजगार स्थापना तथा विस्तार गरिने छ।

❖ रोजगारी सिर्जना सम्बन्धि अध्ययन अनुसन्धन गरि रोजगारीको नयाँ क्षेत्र पहिचान गरिने छ।

❖ हालको परिस्थिति कोरोना प्रभाबित यस बर्दगोरिया गाउँपालिका भित्र रहेका गरिबीको रेखामुनी रहेका नेपाली नगरिक, बैदेशिक रोजगारीबाट फर्किएका वा रोजगारी गुमाएका बेरोजगार व्यक्तीहरु लाई लघु उद्यमी सृजना गरि लघु उद्यम मार्फत स्वरोजगार बनाउनमा जोड दिइने छ।

❖ बेरोजगार व्यक्तीहरुलाई लघु उद्यम स्थापना गरी उद्यमी सृजना तथा विकासका लागि लघु उद्यम विकास मोड्लको उद्यम विकासका लागि समाजिक परिचालन, उद्यमशिलता विकस तालिम ,सीप विकास तालिम, वितिय सेवामा पहुँच, प्रविधिमा पहुँच , बजारीकरण तथा व्यावसयिक परामर्श समेतका एकीकृत सेवामा प्रदान गरिने छ।

❖ उद्यम स्थापना तथा विकासका लागी मागमा आधारित रणनिति, उद्यमीहरुको माग बजार सम्भाव्यता स्थानिय कच्चा पदर्थ र उद्यम विकासको सम्भव्यता हेरेर मात्र सीप तालिम कार्यक्रम संचालन गरिने छ।

❖ रोजगार सूचना व्यवस्थापन प्रणालीको स्थापना गारि सम्पूर्ण बेरोजगार व्यक्तिहरुको तथ्यांकलाई व्यवस्थित गरिने छ।

❖ बेरोजगार व्यक्तिका लागि बैक तथा अन्य वितिय संस्था संग समन्वय गरि सहुलियतपूर्ण ऋण उपलब्ध गराउन अवश्याक सहयोग गराउने नीति लिइएको छ।

❖ उद्यम स्थापनामा आवश्यक पर्ने उपयुक्त प्रविधि आवश्यक परेको खण्डमा सजिलै पहुँचका लागि समन्वय गरि सहयोग गरिने छ।

❖ स्थानिय स्तारमा लघु उद्यमको स्थापना तथा विकास गरि रोजगारी सिर्जना गर्नका लागी संघ, प्रदेश सरकारसंग आवश्यक समन्वय गर्दै यस गा.पा.को लघु उद्यम शाखा लघु उद्यम विकास कार्यक्रम प्रभावकरी रुपमा संचालन गरिने छ।

## २. सामाजिक विकास नीति

## २.१ शिक्षा (Education)

- ❖ नेपालको संविधानको भाग ३ मा मौलिकहक र कर्तव्य अन्तर्गत धारा ३१ मा शिक्षा क्षेत्रलाई विकासको पूर्वधारको रुपमा अगाडी बढाइनेछ ।
- ❖ विकासका साथै गुणस्तरिय शिक्षा विकासको लागि विद्यालयको भौतिक पूर्वधार विकासका साथै शिक्षक र अभिभावकहरुको क्षमताअभिवृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।
- ❖ प्रारम्भिक शिक्षा, शिक्षाविकासको मुख्यआधार भएकाले यसमाविशेष सुधार गरिनेछ । विद्यालयमा प्रारम्भिक बालबिकास कक्षामा आधुनिक प्रविधिसँग जोड्न Intractive Display को व्यवस्था गरिनेछ ।
- ❖ विद्यालयमा भर्ना दर बढाउन र शैक्षिक कार्यक्रमलाई व्यवस्थित गर्न विद्यार्थी भर्ना अभियान तथा शैक्षिक क्यालेन्डर निर्माण गरी लागू गरिनेछ ।
- ❖ विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, स्तरोन्नति, कक्षा समायोजन , विद्यालय समायोजन तथा पुनर्वितरण गरी सम्पूर्ण बालबालिकालाई विद्यालय शिक्षामा पहुँच र सहभगिताको सुनिश्चितता गरिनेछ ।
- ❖ आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क गर्न संरचनागत क्षमता विकास गर्ने ।
- ❖ विद्यालयमा शिक्षक उपस्थिति शैक्षिक व्यवस्थापन र आर्थिक पक्षको अनुगमन निरीक्षण गरी हरेक पक्षमा सुधार गरिनेछ ।
- ❖ विद्यालयमा बालमैत्री, समावेसीता, अनुशासन, शिक्षकनियमितता जस्ता पक्षलाई विशेष प्राथमिकता दिइनेछ ।
- ❖ विद्यालय र शिक्षा क्षेत्रको समग्र विकासको लागि समय समयमा बैठक अन्तरक्रिया कार्यक्रम गरी समस्या समाधानमा जोड दिइनेछ ।
- ❖ छात्राहरुको समस्यालाई ध्यानदिई उनीहरुलाई विद्यालयमा सहज वातावरण सिर्जना गर्न छात्रा शौचालय र सेनेटरी प्याड वितरणका कार्यक्रम गरिनेछ ।
- ❖ विद्यालयप्रशासनलाई चुष्ट दुरुस्त राख्न लेखा सम्बन्धि तालिमको व्यवस्था गरिनेछ।
- ❖ शिक्षा विकासका लागि विभिन्न ठाउँ भ्रमण गरी अनुभव आदनप्रदान र वस्तुस्थिति थाहा पाउन शैक्षिक अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- ❖ अनौपचारिक शिक्षाका कक्षा संचालन गरी साक्षर गाउँपालिका घोषणा गर्न बाँकीरहेका वडामा कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिनेछ ।
- ❖ विद्यालयमा विद्यार्थी भर्नादर बढाउन शैक्षिक कार्यक्रमलाई व्यवस्थित बनाउन शैक्षिक क्यालेण्डर निर्माण गरी लागु गरिने छ।
- ❖ शिक्षा विकास योजना निर्माण गरी योजनावद्ध विकासमा जोड दिइने छ।
- ❖ विद्यालय व्यस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक तथा स्थानीय तहको समन्वय र साझेदारीमा शिक्षाको स्तरोन्नति गरिनेछ।
- ❖ निरन्तर शिक्षा, सीप विकास तथा आयआर्जन लगायत समुदायमा जनचेतना विकासमा सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरिनेछ।
- ❖ शिक्षालाई जीवनोपयोगी, व्यहारिक र प्रविधिमैत्री बनाउन पहल गरिनेछ।
- ❖ नेपाल सरकारबाट संचालित बालवालिकालाई विद्यालय ल्याँउ टिकाउ र सिकाउ अभियानलाई थप प्रभावकारी बनाउन सम्पूर्ण सरोकारवाला पक्षको भूमिकालाई प्रभावकारी बनाई शिक्षामा पहुँचको सुनिश्चितताका लागि पहल गरिने छ।

- ❖ विद्यलय तहको अन्तिम परीक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थी, राम्रो विद्यालय सबैभन्दा उच्चदरमा विद्यार्थी उत्तीर्ण गराउन सफल विषयगत शिक्षकलाई पुरस्कारको व्यवस्था मिलाइने छ।
- ❖ विद्यालयमा शुध्द खानेपानी तथा शौचालयको व्यवस्थाका लागि पहल गरिनेछ।
- ❖ शिक्षालाई प्रविधिमैत्री बनाउन विद्यालयमा इन्टरनेटको व्यवस्था गरी अनलाइन कक्षा संचालनको व्यवस्था गरिनेछ।
- ❖ निजी श्रोतमा कार्यरत शिक्षकहरुको समस्यालाई मध्यनजर गरी समस्या समाधान गर्न एक उच्च स्तरीय कार्यदल गठन गरि गाउँपलिका भित्र अवश्यक पर्ने दरबन्दी अस्थायी रुपमा सिर्जना गरी शिक्षकहरुको व्यवस्थापनका लागि पहल गरिने छ।
- ❖ वालवालिकाहरुलाई पोषणयुक्त दिवा खाजा उपलब्ध गराइ सिकाइ स्तर वृध्दिमा जोड दिइने छ।
- ❖ अपाङगता भएका, दलित, मुक्त कम्लरी पिछडा वर्ग र आर्थिक अवस्था कमजोर भएका छात्राहरुलाई छत्रवृतिको व्यवस्था मिलाईने छ
- ❖ विद्यालय उमेरका सम्पूर्ण वालवालिकाहरुलाई विद्यालय सम्म पहुँचको सुनिश्चितताका लागि विषेश पहल गरिने छ।
- ❖ विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण विद्यालय तथा विद्यार्थीहरुमा पर्न गएको क्षतिको क्षतिपूर्ति गर्ने तर्फ पहल गरिने छ।
- ❖ प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिइने छ।
- ❖ स्थानीय पाठ्यक्रम निर्माणका लागि पहल गरिने छ।
- ❖ विद्यालयमा शिक्षक विद्यार्थी उपस्थिति भौतिक शैक्षिक र आर्थिक पक्षको अनुगमन निरीक्षण गरि समस्या समाधान तर्फ विशेष जोड दिइने छ।
- ❖ विभिन्न ठाउँको शैक्षिक वस्तुस्थिति र अनुभव आदान प्रदान गर्न शैक्षिक भ्रमणको व्यवस्था मिलाईने छ।
- ❖ प्र· अ· नियुक्ति प्रक्रियालाई व्यवस्थित बनाउने तर्फ विषेश पहल गरिने छ।
- ❖ एकिकृत पाठ्यक्रम लागु भएका कक्षा १ देखि ३ सम्म अध्यापन गर्ने शिक्षकहरुलाई पाठ्यक्रम तथा राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम बारेमा अभिमुखिकरण गरिनेछ ।
- ❖ कोभिड १९ ले शिक्षा क्षेत्रमा परेको प्रभावलाई न्यूनिकरण गर्न बैकल्पिक सिकाईका विद्यालयहरुको क्षमतागत विकास अभिवृद्धि गरिनेछ ।
- ❖ बर्दगोरिया गा·पा· मा क्याम्पस संचालनका लागि विषेश पहल गरिने छ।
- ❖ आधारभूत तह (कक्षा १-८) सम्म निशुल्क शिक्षालाई अनिवार्य गर्ने ।

## <u>२.२ स्वास्थ्य तर्फ</u>

- ❖ हरेक नागरिकलाई गुणस्तरिय स्वास्थ्य सेवा सर्वसुलभ तरिकाले प्राप्त गर्न प्रत्येक वडामा एक वटा स्वास्थ्य संस्था स्थापना गरिने छ जसका लागि यस आर्थिक वर्ष भित्र स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गरिने छ ।
- ❖ पालिकामा १५ सैया क्षमताको सुविधा सम्पन्न विशेषज्ञ सहितको आधारभुत अस्पतालको स्थापना गरी सर्व साधारण,आर्थिक रुपमा कमजोर तथा बिपन्न नागरिकलाई स्थानिय स्तरमा नै गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराईने छ ।

- आगामी २ बर्ष भित्रमा सामाजिक स्वास्थ्य सुरक्षा बिमामा सबै नागरिकलाई समाबेस गराईने छ ।
- कोभिड १९ रोगको रोकथाम, नियन्त्रण तथा उपचारको लागी स्थान पहिचान गरी सुविधा सम्पन्न ५० बेडको आईसोलेशन केन्द्र निर्माण गरी संचालनमा ल्याईने छ ।
- कार्य सम्पादन र मुल्याङ्कनलाई आधार बनाई स्वास्थ्य संथामा काम गर्ने राष्ट्रसेवक कर्मचारी, म.स्वा.स्व.से, स्वास्थ्य ब्यबस्थापन समितिलाई सम्मान स्वरुप पुरुष्कृत गर्दै लगिने छ । यस्ता कार्याक्रमले गुणस्तरिय सेवा प्रदान गर्न थप हौसला प्रदान गरिनेछ ।
- जन स्वास्थ्य समस्याको रुपमा रहेको सुर्तिजन्य पदार्थको सेवन, मदिरपानमा तथा लागुऔषध सेवनको नियन्त्रण गर्न आवश्यक संयन्त्र बनाइ प्रभावकारी ढंगबाट नियमन गर्दै, जनचेतना मुलक कार्याक्रम संचालन गरी यस्ता प्रबृतिलाई निरुत्साहित गरी अल्पकालिन तथा दीर्घकालिन रुपमा स्वास्थ्यमा सुधार ल्याईने छ ।।
- स्वास्थ्य क्षेत्र संग सरोकारवाला सबै संघसंस्थाहरुसंग समन्वय गरी स्वास्थ्य कार्यक्रमलाई एकद्वार प्रणालीवाट कार्यक्रम संचालन गर्ने व्यबस्था गरिने छ ।
- निजि तथा सामुदायिक स्वास्थ्य संस्था, क्लिनिक, औषधि पसल एवं फार्मेशी संचालन गर्ने कार्यलाई  व्यवस्थित् गर्न पूर्व स्वीकृती, नवीकरण तथा नियमन जस्ता कार्य अनिवार्य गरी पालिका मातहत ल्याईने छ ।
- ६५ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई त्रैमासिक रुपमा घरमै गई स्वास्थ्य जाँच, औषधि उपचार तथा परामर्श सेवा दिईने छ ।
- नसर्नेरोग न्यूनिकरण तथा रोकथामका लागि **“म हिड्छु मेरो पालिका हिड्छ”** अभियान संचालन गरिने छ ।
- पूर्ण खोपयुक्त पालिका कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- कुपोषणको महामारी नियन्त्रण गर्न  पोषण मैत्री वडा घोषणा गरिने छ । अध्यक्ष पोषण कोशेली कार्यक्रम संचालन गरीने छ ।
- पूर्ण संस्थागत सुत्केरी, गर्ववती तथा प्रसुति जाँच सेवामा वृद्धि गर्न “उपाध्यक्षसंग स्वस्थ आमा तथा ग्रामीण अल्ट्रासाउण्ड र हाईजिन किट” कार्यक्रम संचालन गरिने छ ।
- अनुवंशिक रोग “सिकलसेल तथा थालेसेमियाको” पहिचान तथा निदानका लागि आवश्यक प्रोगशालाको विस्तार गरी समुदाय स्तरमा सो रोगको खोज पड्ताल गर्ने कार्यको शुरुवात गरीने छ ।
- वातावरणिय सरसफाई तथा स्वच्छता अभियान संचालन गरी सरुवा रोगहरुको नियन्त्रण एवं स्वास्थ्य प्रवर्धन गरिने छ ।
- महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकालाई प्रोत्साहन  गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

## २.३ खानेपानी तथा सरसफाई

- पहिचान गरिएका स्थानमा विभिन्न प्रकारको मैत्रीपूर्ण सार्वजनिक शौचालयहरुको निर्माण गरिनेछ ।
- स्वच्छ खानेपानी पहुँच कायम गर्न संभाव्यता अध्ययन गरी आरसेनिक जाँच गराइने छ ।
- सरसफाईको लागी मानिसहरुको वानी व्योहोरामा आमूल परिवर्तन (Total Behaviour Change) गर्न गाउँपालिका क्षेत्र भरी नै जनचेतनामूलक कार्यक्रमहरु संचालन गरी फोहोर फाल्ने भाडोको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको मुख्य चोक तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने अवधारणहरुको विकास गरिने छ । यसमा निजी तथा अन्य क्षेत्रको सहयोगमा शौचालय व्यवस्थापनमा आवश्यक प्रवन्ध समेत मिलाइने छ ।
- ढल, नाला तथा ल्याण्डफिल साईट व्यवस्थापनमा आवश्यक पहल गरिनेछ ।

- ❖ गाउँपालिका क्षेत्र भित्र नेपाल सरकारले तोकेको मापदण्ड विपरितका प्लाष्टिक झोलाको प्रयोगलाई प्रतिवन्ध गरी सार्वजनिक निजी साझेदारी **(3Ps)** मोडेलको अवधारणा अनुरुप वातावरणमैत्री झोला प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।
- ❖ फोहोरमैला व्यवस्थापन ऐन् २०६८ र फोहोरमैला व्यवस्थापन नियमावली २०७० को प्रभावकारी कार्यान्वयन गरी जनचेतना अभिवृद्धि गर्दै " **सफा सुन्दर बर्दगोरिया**" को रुपमा विकास गरिनेछ । यसका लागि गाउँपालिका सबै वालक्लबहरु, टोल विकास संस्थाहरु, आमा समूहहरु लगायत सम्पूर्ण सहयोगी शुभेच्छुकहरुको सहयोगमा सफा गाउँपालिका बनाउने कार्यको थालनी गरिनेछ ।

## २.४ समावेशीकरण/गरिबी निवारण तथा कला संस्कृतितर्फ

- ❖ बाल सुरक्षा केन्द्र, महिला सुरक्षा केन्द्र र ज्येष्ठ नागरीकको सेवा केन्द्र स्थापनाको लागी आवश्यक पहल गरिनेछ ।
- ❖ महिला शसक्तिकरण सबै प्रकारका हिंसा विरुद्धमा जनचेतना, मानव अधिकार तथा प्रचलित कानूनको जनचेतना अभिबृद्धि गरिनेछ ।
- ❖ महिला विरुद्धको लैंगिक तथा घरेलु हिंसा, महिला हक हित तथा सीप विकास, गृहिणी महिलाहरुको लागी वातावरणमैत्री सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- ❖ बाल विकास केन्द्र खडा गरी आवश्यक पाठ्य सामग्री उपलब्ध गराइने छ ।
- ❖ यूवाहरुलाई सीपमूलक र व्यववसायिक तालिम प्रदान गरी स्वरोजगार बन्न अभिप्रेरित गरिने छ ।
- ❖ बालश्रम उन्मूलन तथा बाल अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमलाई अगाडी बढाइने छ । ज्येष्ठ नागरीकको सम्मान कार्यक्रमलाई अभिवृद्धि गरिर्दै लगिने छ ।
- ❖ महिला, बालिका र अन्य लक्षित समुदायहरुको क्षमता विकास सम्बन्धि कार्यलाई प्राथमिकता दिईने छ ।
- ❖ महिला तथा विपन्न वर्गको शसक्तिकरणका लागि आवश्यक तालिम तथा लोकसेवा तयारी कक्षा संचालन गरिने छ ।
- ❖ महिला, बालबालिका, यूवा, पछाडी पारिएका, आदिवासी /जनजाती, दलित, मधेशी, मुस्लिम, पिछडा वर्ग, भिन्न क्षमता भएका व्यक्ति, लैगिंक अल्पसंख्यक, जेष्ठ नागरीकहरुको सशक्तिकरण, क्षमता विकास तथा शीप विकासका लागि सीपमूलक एवं जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ यूवालाई तालिम दिन उद्यमशिलता विकास कोष स्थापना गरि साझेदारीहरु समेतको सहभागितामा उद्यम विकास कार्यक्रम संचालन गरिने छ ।
- ❖ जेष्ठ नागरीक परिचय पत्र वितरण कार्य परिमार्जन सहितको तत्काल आरम्भ गरिने छ ।
- ❖ गाउँपालिका साँस्कृतिक केन्द्रको स्थापना गरी कला साहित्यको जर्गेना तथा विकास गरिनेछ ।
- ❖ भूमीहीन किसानहरुको पहिचान गरी उचित व्यवस्थापनको लागि सबैखाले पहल गरिनेछ ।
- ❖ गाउँपालिका बाल मैत्री, पूर्ण खोप, पूर्ण घटना दर्ता गाउँपालिका घोषणा गर्न कार्यक्रम संचालन गरिने छ ।
- ❖ सबै खाले छुवाछुत तथा सामाजिक विभेदलाई पूर्ण रुपमा अन्त्य गरिने छ ।
- ❖ लक्षितवर्ग तथा सामाजिक समावेशीकरण तर्फ लक्षित समूहलाई सशक्तिकरण गरी माँगमा आधारित कार्यक्रमलाई अझ प्रभावकारी रुपमा संचालन गरिनेछ ।

## २.५ मानव संशाधन विकास नीति

- ❖ गाउँपालिकामा सञ्चालन हुने कार्यक्रमहरुमा प्रभावकारीता ल्याउन गैर सरकारी संस्था डेस्क सुदृढीकरण गरी गाउँपालिकाको निर्माणमा गैरसरकारी संस्थाको भूमिका थप प्रभावकारी बनाउने कार्य गरिने छ ।
- ❖ गैरसरकारी संस्थासँग साझेदारीमा विविध जनचेतना एवं विकासात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ जनतामा प्रवाह गरिने सेवालाई थप प्रचावकारी बनाउन सरकारी तथा गैर सरकारी संस्थामा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## २.६ खेलकुद तर्फ

- ❖ गाउँपालिका भित्र रहेका मैदानमध्ये उपयुक्त खेल मैदानलाई क्षेत्रीयस्तरको अत्याधुनिक सुविधा सम्पन्न रंगशाला निर्माण गर्न पहल सुरु भै सकेको छ र कार्यलाई निरन्तरता दिइनेछ ।
- ❖ सबै वडामा कम्तीमा एक खेल मैदानको विकास गरी फुटवल, भलिबल, ब्याडमिन्टन जस्ता खेलकुदलाई प्रोत्साहन गर्न गाउँपालिका स्तरीय खेलकुद समितिको स्थापना गरिने छ ।
- ❖ युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्ष कप फुटबल खेलकुद प्रतियोगिता आयोजना गरी यसलाई निरन्तरता दिईने छ ।
- ❖ समय समयमा विभिन्न किसिमका खेलकुद आयोजना गरी युवामा खेलकुद प्रति उच्च भावना पैदा गराईने छ ।
- ❖ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट खेलाडी तथा जीत हासिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाउने छ ।

## २.७ महिला तथा बालबालिका

- ❖ बाल क्लव गठन तथा बालबालिकाहरुको क्षमता विकास कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास गराई व्यवसाय उन्मुख गराईनेछ ।
- ❖ कोभिड १९ को महामारीमा अभिभावक गुमाएका असाहाय अनाथ बालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण गराईने ।
- ❖ एकल महिला विपन्न र पिछडिएका महिलाहरुलाई आयमुलक कार्यक्रममा सहभागी गराउने ।
- ❖ गत वर्षमा दिईएका सिपविकास मुलक तालिम लिएर व्यवसाय उन्मुख भएका महिलाहरुलाई सामग्री वितरण गरिनेछ ।
- ❖ कम्लरी, दलित, अन्य विपन्न र पिछडिएका महिलाहरुका लागी आयआर्जन, क्षमता अभिवृद्धि तथा सिपयुक्त कार्यक्रम सञ्चालन गरिने ।
- ❖ ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम गर्ने ज्ञानसिप र अनुभवलाई विभिन्न क्षेत्रहरुमा अनुसरण गरिने छ ।
- ❖ विपन्न वर्गका किशोरकिशोरीहरुलाई क्षमता अभिवृद्धि गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न।
- ❖ बालविवहा विरुद्ध जनचेतनाका लागी भित्तेलेखन कार्यक्रम सञ्चालन गर्ने ।
- ❖ बालविवहा न्यूनिकरण, छाउपडी तथा बालश्रम शोषण न्युनिकरण गर्न जनचेतनामुलक कार्यक्रम सञ्चान गरिने छ ।
- ❖ लैङ्गिक हिंसा शोषण, मानवबेचविखन, विभेद तथा र्दुव्यवहारलाई सुन्ने सहनशिलताको निति आवलम्वन गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- ❖ सबै किसिमका हिसांमुक्त समाज निर्माणका लागी आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- ❖ किशोरी आत्मसुरक्षा कार्यक्रमलाई निरन्तरता दिईने छ ।

- ❖ साहारा घरमा रहेका अनाथ असाहयलाई न्यानो लुगा वितरण कार्यक्रम गरिनेछ ।
- ❖ किशोर किशारीहरुका लागी बालविवाह तथा घरेलु हिसां सम्बन्धि अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको पालिका स्तरिय निति बनाईने छ ।
- ❖ अपाङ्गता परिचय पत्र वितरण समन्वय समितिका सदस्यहरुलाई प्रोतसाहनका लागी झोला वितरण कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ महिला समुह समितिमा आवद्ध नभएका महिलाहरुलाई समितिमा समावेश गराई बचत गर्न प्रोत्साहित गराईने छ ।

**२.८. न्यायिक समिति**

- ❖ स्थानिय तहका जनप्रतिनिधिहरुको लागी न्यायिक अधिकार तथा स्थानिय सरकार ऐन कानुन तथा नयाँ कानुन सम्बन्धि प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ मेलमिलापकर्ताहरुलाई आवश्यक कानुनी ज्ञान सम्बन्धि पुर्नताजकिय तालिम सञ्चालन गरिने छ ।
- ❖ एकल महिला, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्तिहरुलाई न्यायपालिकामा निवेदन दर्ताको लागी निशुल्क व्यवस्था गरिने छ ।
- ❖ पिडितहरुलाई परामर्श तथा सेवाका लागी सुरक्षित आवास गृहको व्यवस्था गरिने छ ।
- ❖ अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ विपन्न वर्गहरुका लागी कानुनी उपचार राहत कोष स्थापना सञ्चालन गरिने छ ।
- ❖ प्रत्येक वडामा भएका मेलमिलाप केन्द्रहरुलाई चरणवद्ध तरिकाले सुव्यवस्थित गरी भवन निर्माण गरिने छ ।
- ❖ न्यायपालिकाको डकुमेन्ट्रि तयार गरिने छ ।

## ३. पूर्वाधार विकासनीति

### ३.१ सडक तथा पुल

- ❖ स-साना सडकहरुमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकाले क्षेत्रगत सन्तुलनलाई ध्यान दिदैं मापदण्ड अनुसार महत्वपूर्ण सडकहरु निर्माण तथा मर्मतको लागि मर्मत संभार कोष खडा गरी प्राथमिकताका साथ निर्माण कार्य बढाईने छ ।
- ❖ हरेक सडकको दायाँ बायाँ किनारामा मौसम अनुकुलका विरुवाहरु बृक्षारोपण गर्ने र संरक्षण गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।
- ❖ भौत्तिक पूर्वाधारहरु खडा गर्दा बाल, महिला अपांग र वातावरणमैत्री संरचनामा समेत विशेष जोड दिईनेछ । सडक क्षेत्रको विकासमा व्यापक जनसहभागिताको अपेक्षा सहित योजनाहरु संचालन गरिने छ।
- ❖ नेपाल सरकार, गाउँपालिका, प्रदेश सरकार तथा निजी क्षेत्र तथा जनसहभागिताका आधारमा ठूला पूर्वाधार निर्माण कार्य संचालन गरिने छ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र योजना तयारीलाई पूर्णता दिई सबै वडालाई आफ्नै भूमीबाट सडक जोड्ने गरी **रिङ्गरोड** निर्माण कार्यको गुरुयोजना अन्तर्गत निरन्तरता दिनेछ ।
- ❖ यस गाउँपालिका अन्तर्गत आवश्यक्ता अनुसार झोलुङ्गे पुल निर्माण गरिने छ ।
- ❖ अधुरा योजनाहरुलाई प्राथमिकता दिइने छ ।
- ❖ बर्दगोरिया गाउँपालिका देखि छिमेकी पालिकाहरुलाई जोड्ने सडकहरु निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

- ❖ आइसोलेसन केन्द्र निर्माण गर्ने सिटी हल निर्माण गर्ने ।
- ❖ गाउँ यातायात गुरु योजनालाई कार्यन्वयन गर्ने नीति लिइनेछ ।
- ❖ पुल पुलेसाहरुलाई प्राथमिकतामा राखी सम्बन्धीत निकायमा पहल गरिनेछ ।
- ❖ ढल तथा नाला निकासको लागी आवश्यक गुरु योजना तयार गरी कार्यन्वयनमा लैजाने छ ।

- ❖ प्राविधिक कर्मचारीको क्षमता अभिविद्धि गरी कार्य सम्पादनमा सुधार गर्दै लैजाने नीतिमा जोड दिइने छ ।
- ❖ Mason तथा मिस्त्रीहरुको क्षमता अभिवृद्धि तथा सीप विकासमा जोड दिइनेछ ।
- ❖ प्राविधिक कार्यहरुमा फिल्ड टेस्ट तथा सर्भे गरी योजनाको कामहरुमा Quality Control तथा पारदर्शिता गर्ने कार्यमा जोड दिइनेछ ।
- ❖ योजना सम्बन्धिको विभिन्न सफ्टवयरहरुको प्रयोग गरी कार्य सम्पादनमा सुधार तथा पारदर्शितामा जोड दिइनेछ ।
- ❖ उपभोक्ताहरुको सिप विकास तथा क्षमता अभिवृद्धि गरी सहभागितामा आधारित योजनाहरु निर्माणमा जोड दिइनेछ ।
- ❖ प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागी अध्ययन तथा अवलोकन भ्रमण संचालन गरिनेछ।
- ❖ उपभोक्ताहरुको सिप विकास तथा क्षमता अभिवृद्धि गरी सहभागितामा आधारित योजनाहरु छनोट गर्ने निति लिइएको छ ।

## ३.२ सिंचाइ तर्फ

- ❖ आवश्यक र संभाव्य क्षेत्र पहिचान गरी सिंचाईको व्यवस्था गरिने छ ।
- ❖ भुमिगत स्यालो ट्यूववेल, नयाँ प्रविधिमा आधारित सिंचाई, स्थल विशेष नदी नियन्त्रण कार्यक्रम को साथै सिंचाई मर्मत संभारका कामहरु गरिनेछ ।
- ❖ उत्पादनशिलता बढाउन र व्यावसायीक खेती प्रणालीको विकास गर्न संभव भए सम्म नमूना चक्लावन्दी भु.उपयोग प्रयोग गर्न समुदायलाई प्रोत्साहन गरिनेछ ।

## ३.३ भवन तथा सहरी विकास तर्फ

- ❖ सम्भावित प्रकोप, दुर्घटना र आम जनताको सुरक्षाको लागि शहरी विकास मन्त्रालयबाट जारी राष्ट्रिय भवन आचारसहिंता, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ मा रहेका प्रावधान भन्दा कम नहुने गरी गाउँपालिकाले यसै वर्ष भित्र भवन निर्माण मापदण्ड बनाई कार्यान्वयनमा ल्याइने छ ।
- ❖ नयाँ घर निर्माणको नक्सा पास गर्दा र पूराना घरको नियमित/अभिलेखीकरण गर्दा कम्तीमा " **एक घर पाँच विरुवा, एक घर एक फूल सहितको पाँच गमला** " लगाई हुर्काउनु पर्ने कार्यको थालनी गरिने छ ।
- ❖ दिगो, नतिजामूलक विकास र दीर्घकालिन भौत्तिक विकासको लागि गुरुयोजना (Master Plan) गर्दैं ५ वर्षे आवधिक गाउँ विकास योजना लगायत विभिन्न क्षेत्रगत योजनाहरु तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयनमा ल्याईने छ ।
- ❖ स्थानीय तहको विकास निर्माणको लागि प्रयोग हुने सबै वस्तु तथा सेवाको दर रेट कायम गरी लागू गरिनेछ ।
- ❖ विकास निर्माणमा प्रयोग हुने निर्माण सामग्री र कच्चा पदार्थको गाउँपालिका स्तरीय मापदण्ड तोकी

सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिनेछ ।

- सडक लगायत संरचनाहरुको आकस्मिक मर्मत संभारको लागि मर्मत संभार कोषको व्यवस्था गरिने छ ।
- वडा कार्यालय भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकामा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु संचालन गर्दा स्थानीय आवश्यकता , प्राथमिकता एवं लाभांवित वर्गको चाहना अनुरुप पूर्वाधार विकास हुने गरी संचालन गरिने छ ।
- ३ लाख भन्दा माथिका आयोजनाहरु संचालन गर्दा अनिवार्य रुपमा आयोजना स्थलमा योजनासम्बन्धी जानकारीमूलक सूचना पाटी राख्न लगाईनेछ । जुनसुकै आयोजनाको शुरु अवस्था, निर्माण चरणको अवस्था र निर्माण भईसकेपछिको अवस्था स्पष्ट झल्कने तस्विर र योजनाबाट लाभ लिनेहरुको उपस्थितिमा भएको योजना सार्वजनिक परीक्षण प्रतिवेदन (Public Audit Report) लाई भुक्तानीको अभिन्न अंग मानी त्यसैको आधारमा योजनाको भुक्तानी दिने व्यवस्था गरिनेछ ।
- सार्वजनिक, नदी उकास जग्गा अतिक्रमण गर्ने तथा सडक पेटी अतिक्रमण गर्ने कार्यलाई गाउँपालिकाले सम्बन्धित सरोकारवाला निकाय र जनसहभागिताबाट संरक्षण तथा नियन्त्रण गरिने छ।
- खोलानाला, सार्वजनिक ऐलानी, पर्ति जग्गाको अभिलेख राखी सार्वजनिक हितमा प्रयोग गरिनेछ ।
- प्रत्येक वर्ष निर्माण कार्यमा उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, टोल विकास संस्थाहरुलाई पुरस्कृत गर्ने र खराब आचरण भएका उपभोक्ता र सहयोगीहरुलाई दण्ड सजाय गर्ने निति लिई गुणस्तरीय विकास निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सडकका दायाँ बायाँ वृक्षारोपण गरी सडकलाई हरित सडकको रुपमा विकास गरी रमणीय तथा पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ ।
- गाउँपालिकाभित्र उपर्युक्त स्थानमा बसपार्क, मिनी बसपार्क, फलफुल, तरकारी र मासुजन्य पदार्थ विकी स्थानको सम्भाव्यता अध्ययन गरी कार्यान्वयनको लागि पहल गरिनेछ ।
- सुन्दरता र शान्ति सुरक्षालाई कायम राख्न गाउँपालिकाको वडाकार्यालयहरु, मठमन्दिर, मदर्शा र मुख्य चौकमा सि.सि. क्यामरा र सौर्य सडक वत्तिको व्यवस्थापन गर्दै यसलाई सबै क्षेत्रमा विस्तार गर्दै लगिने छ ।
- गाउँपालिका भित्र पूर्व निर्माण भएका र नयाँ निर्माण हुने घर सडकको मापदण्डलाई व्यवस्थित गर्न लगाई सरल प्रक्रिया अपनाई नियमित गर्ने र अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- आवासिय भवनको नक्सा पास गर्ने प्राविधिक, इन्जिनियर, आर्किटेक्चरहरुलाई अनिवार्य सूचीकृतको व्यवस्था गर्ने र आवश्यकता अनुसार उनीहरुलाई तालिमको व्यवस्था गरिने छ ।
- गाउँपालिका प्रोफाइल निर्माण गरी विद्युतिय प्रणालीमा आवद्ध गरिने छ ।
- ढल तथा नाला निर्माणका पूर्वाधारहरुलाई स्तरोन्नति गरिने छ ।
- एकीकृत विकास योजना, आवासीय योजना, भू-उपयोग योजना तर्जुमा गरी लागू गरिने छ ।
- सार्वजनिक, निजी र सरकारी क्षेत्रको सहभागिता विकास मार्फत गाउँपालिकाको अर्थतन्त्र सुदृढिकरण गरिनेछ ।

## **३.४ संचार तर्फ**

- ईन्टरनेटको माध्यमबाट सबै वडा कार्यालयबाट प्रदान भएका सेवालाई गाउँपालिकासँग जोडिने छ । विद्युतिय अनुगमनको शूरुवात गरिनेछ । अनलाईन मार्फत सेवा प्रवाह गर्दै सूचना प्रवाहलाई प्रभावकारी बनाईने छ ।

- ❖ कार्यालयको कार्य सम्पादनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्रका विशेष महत्वका चोक तथा बजार एवं सम्पदा क्षेत्रमा हुने गतिविधिहरुलाई नियमित निगरानीमा राख्न इन्टरनेट CCTV क्यामेराहरुको जडानलाई थप प्रभावकारी बनाई संचालनमा ल्याइनेछ ।

## ३.५ विद्युत तथा वैकल्पिक उर्जा नीति

- ❖ शहरी सुन्दरता र सुरक्षा व्यवस्थालाई सुदृढ गर्न सरकारी तथा अन्य सहयोगी निकाय समेतको सहयोगमा गाउँको प्रमुख सडक तथा चोकहरुमा सौर्य सडक बतिको व्यवस्था गरिने छ ।
- ❖ वैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गरिनेछ ।
- ❖ गाउँपालिका क्षेत्र भित्र अव्यवस्थित विद्युतिकरणलाई व्यवस्थित गर्दै विद्युत नपुगेका ठाउँमा विद्युतिकरण गर्ने व्यवस्था मिलाइने छ ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरु

## ४.१ वन वातावरण तथा जलवायु परिवर्तन

- ❖ गाउँपालिका क्षेत्रमा रहेका मुख्य मार्ग र अन्य सडकको दायाँ वायाँ सार्वजनिक निजी साझेदारी नीति अनुरुप वृक्षारोपण गरी हरित सडकको रुपमा विकास गरिने छ ।
- ❖ जलवायु परिवर्तनबाट गाउँपालिकामा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारसँग समन्व्य र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- ❖ अन्य सरकारी तथा गैरसरकारी संघ संस्थासँग सहयोग तथा समन्व्य गरी वन, वातावरण , भू-संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिनेछ ।
- ❖ प्रदेश सरकारको "सुदुरपश्चिमको दिगो आर्थिक आधार, सबल पर्यटकीय पूर्वाधार" भन्ने नारालाई आत्मसाथ् गर्दै पुरैनाताल, बर्दगोरिया जस्ता पर्यटकीय क्षेत्रको पूर्वाधार विकासमा जोड दिइने छ।
- ❖ ताल तलैयाहरु तथा प्राकृतिक रुपमा बनेका डाडाकाडाहरुको संरक्षणमा जोड दिदै वृक्षारोपण कार्यक्रम संचालन गरिने छ।

## ४.२ विपद व्यवस्थापन तथा भू-संरक्षण नीति

- ❖ विपद पूर्व र पश्चात न्यूनीकरण गर्न कार्यक्रहरु संचालन गरिनेछ ।
- ❖ विपद् व्यवास्थापनका लागिपालिकाको ऐनमा व्यवस्था भए अनुरुप योजना, रणानीति र कार्ययोजना तर्जुमा गरी सो अनुसार विपद् व्यवस्थापनको पूर्ण रूपमा कार्यान्वयन गर्न तथा उद्धार र राहत सामग्रीहरूको उपलब्धताको सुनिश्चितता गरिनेछ ।साथै विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कनका आधारमा कार्यक्रम तर्जुमा कार्यक्रम ल्याइने छ।
- ❖ यस गाउँपालिका र छिमेकी नगरपालिकासँग साझेदारीमा वारुण यन्त्र खरिद गरी आगलागी जस्ता आकास्मिक तथा संभावित दुर्घटना बाट बचाउने कार्य गरिनेछ । आगलागी बाट हुने क्षतीलाई न्यूनिकरण

गर्न गाउँपालिकाको कार्यालय, वडा कार्यालय, गाउँ क्षेत्र भित्रका पसल तथा उद्योगहरुमा **FIRE Extinguisher** राख्न उद्योग वाणिज्य संग सहकार्य गरी कार्यान्वयन गरिनेछ ।

- ❖ गाउँपालिका विपद् व्यवस्थापन कोष स्थापना गरी रकमको व्यवस्था गरिनेछ । यस कोषको अभिवृद्धिको लागि अन्य निकाय तथा गैर सरकारी संघ संस्था एवं शुभेच्छुक समेतबाट साझेदारीता अभिवृद्धि गरिने छ ।
- ❖ सार्वजनिक, पर्ति तथा नदि जन्य उकास जग्गाहरुको खोजी गरी जनसहभागितामा संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- ❖ गाउँपालिकामा आईपर्ने विपद्को पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको थालनी गरिनेछ । डुवान,कटान तथा भू-क्षय नियन्त्रणको लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल, समन्व्य तथा सहकार्य गरिनेछ ।
- ❖ विपद् व्यवस्थापनको पूर्व तयारी वा प्रतिकार्य वा पुर्नलाभको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।
- ❖ पुर्वाधार विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणका अवधारणाहरुलाई पालना बिशेष पहल गरिने छ।
- ❖ विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कनका आधारमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ।
- ❖ विपदको समयमा हुने क्षति न्यूनीकरणका लागि विपत व्यस्थापन तथा क्षमता अभिबृद्धि तालिम प्रदान सचालन गरिने छ।
- ❖ लाघुऔषधि नियन्त्रण, सडक दुर्घटना न्यूनीकरण, आत्महत्या नियन्त्रण तथा रोकथाम सम्वन्धि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- ❖ विपत व्यवस्थापन, जोखिम न्यूनीकरण कार्यलाई प्रभाकारी रूपमा सम्पन्न गर्न स्थानीय विपत व्यवस्थापन कोषमा रकम बढाईएको छ।

## ४.३ कोभिड १९ (कोरोना) महामारी तर्फ

कोभिड १९ (कोरोना) महामारी विश्वव्यापी संक्रमणबाट उतपन्न असहज परिस्थिति तत्काल सामान्य अवस्थामा आउन सक्ने नदेखिएकोले यसको असरलाई न्यूनिकरण गर्दै जिवनयापनलाई नियमित गर्ने विषय नै प्रमुख चुनौति हो । त्यसकारण यस कोभिड १९ महामारी नियन्त्रण तथा यसबाट पर्न गएको असरलाई न्यूनिकरण गर्नको लागि निम्न आधारहरु तयार गरेकी छु ।

- ❖ कोभिड १९ नयाँ भेरियन्त सहितको संक्रमणको व्यापकताले सृजना हुन सक्ने परिस्थितिको आँकलन गरी हाल संचालनमा रहेको कोरोना अस्थायी अस्पताल तथा आइसोलेसन सेन्टर थप प्रभाबकारी व्यवस्थापन गरिने छ ।
- ❖ कोभिड १९ संक्रमणको व्यापकताले सृजना हुन सक्ने परिस्थितिको आँकलन गरी अतिअश्क्त, गरिब, दैनिकज्यालादारिमा काम गर्ने श्रमिक, मजदुर तथा कोभिड १९ को मारमा परेका अशाहयहरुको लागि राहत वितरणको कार्यलाई निरन्तर्ता दिनईने छ ।
- ❖ कोभिड १९ सम्बन्धी सचेतना कार्यक्रम जस्तै माइकिङ्ग, ब्यानर, पंप्लेट्स द्वारा सर्वसाधारनलाई सचेत गर्नुका साथै त्यस सम्बन्धी नियन्त्रणका अभ्यासलाई निरन्तर्ता दिइने छ ।
- ❖ कोरोना भाईरस रोकथाम तथा नियन्त्रणका लागि सरसफाई, निर्मलीकरण, किटनाशक औषधीको प्रयोग, मास्कको प्रयोग तथा अतिआवश्यक कार्यहरु संचालन गरिनेछ ।

- कोभिड १९ बाट प्रभावीतहरुको सूचना र तथ्यांक संकलनका तथा संप्रेषणका गतिविधीहरुलाई निरन्तरता दिइने छ।
- हाल कोरोना महामारीको यस बिपत अवस्थामा कोरोना रोग संग लड्नका लागि सामाजिक रुपमा जनचेतनामूलक, क्वारेन्टाइन र आइशोलेसनको व्यवस्थापनमुलक तथा राहतमुलक कार्यक्रम संचालन गरिने छ।
- कोरोना महामारीसंग लड्नका लागि सङ्घीय सरकार र प्रेदेश सरकारको सहकार्यमा आवस्यकतानुसार बिशेषकार्यक्रम संचालनमाजोड दिइने छ ।

## ४.४ फोहोरमैला व्यवस्थापन तर्फ

- गाउँपालिकाको फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराई सार्वजनिक निजी साझेदारी **(3Ps)** मोडेलको अवधारणा अनुरुप फोहोर मैला व्यवस्थापन गरिनेछ।
- फोहोरमैलालाई स्रोतमै न्यूनिकरण गर्न घर घरमा कुहिने र नकुहिने फोहोरलाई छुटयाउन लगाई कुहिनेलाई कम्पोष्टमल बनाउने, नकुहिने फोहोर मध्ये पुनः प्रयोग हुनेलाई बेचेर **"फोहोरलाई मोहर"** बनाउने तथा अन्य काम नलाग्ने फोहोरहरु मात्र रुटिन अनुसार गाउँपालिकाले फोहोर उठाउन व्यवस्था गरिने सवारीमा सिधैं राख्ने व्यवस्था मिलाई सरसफाईको प्रर्वद्धन गरिनेछ।
- फोहरमैला ब्यवस्थापनका लागि गाउँपालिकाको निर्धारित डम्पिङसाइड तथा सरसफाई कार्यलाई व्यवस्थित गरिने छ ।
- पालिका भित्रका सबै स्थानका सडकहरुमा ढल प्रशोधन क्षेत्रका साथै ढल निकासा तथा ब्यवस्थापनमा जोड दिइने छ।
- गाउँपालिकालाई स्वच्छ सफा र प्लाष्टिक बिहिन गाउँपालिकाको रुपमा स्थापित गर्ने, पालिका भित्र रहेका सार्वजिनक स्थानमा फोहोर गरेमा दण्ड जरिवनाको ब्यवस्था गर्दै मदिरा तथा धुम्रपान तथा लागूऔषध निषेधित गाउँपालिका निर्माण गर्ने गरी अघि बढाइने छ ।
- वातावरणीय प्रदूषण नियन्त्रणका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ साथै वायु प्रदूषणको स्तर राष्ट्रिय मापदण्ड अनुरूप भए/नभएको पहिचान गरिनेछ ।
- आ.व. २०७८/०७९ मा एक वडालाई वातावरणमैत्री घोषणा गर्ने र वर्ष २०८५ सम्ममा वातावरणमैत्री स्थानीय शासनका पूर्वाधार पुरा गरी वातावरणमैत्री स्थानीय तह घोषणा गर्ने गरी कार्यक्रम ल्याइने छ ।
- वार्षिक रूपमा बाल उद्यान/खुलाक्षेत्र हरियालीक्षेत्र विस्तारका लागि समानीकरण अनुदान बाट बजेट विनियोजन तथा कार्यान्वनय गरी चौतारीहरू वा पोखरीहरू वा सडक हरियाली क्षेत्र विस्तार गर्ने गरी कार्यक्रम ल्याइनेछ।
- वातावरण संरक्षणका कार्यक्रममा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.स.स.को सहभागिता गर्दै वातारण संरक्षण सम्बन्धी योजनाहरू कार्यान्वयन गरिने छ ।
- टोल विकास संस्था गठन गर्ने कार्यमा जोड दिदै बढी भन्दा बढी घरधुरीलाई टोल विकास संस्थामा आवद्ध गरिनेछ।
- जिल्ला तथा प्रदेश विपत व्यवथापन योजना मातहत रही गाउँपालिकामा विपत व्यवथापन योजना बनाइ कार्यान्वनमा ल्याइने छ।

❖ पालिकाबाट प्रदान हुदै आएको क्षतिपूर्ति,राहत तथा सहयोगलाई व्यवस्थित गर्दै सार्वजनिक गरिने छ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धि नीति तथा कार्यक्रमहरु

- ❖ यस कार्यालय र अन्य सरकारी निकायहरुबाट जनतालाई उपलब्ध गराईने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरीक वडापत्र समायानूकल अद्यावधिक गरी लागू गरिने छ ।
- ❖ गाउँपालिकामा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समिक्षा गर्ने, आवश्यक समन्व्यात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई , सामाजिक परीक्षण मार्फत सुशासन अभिवृद्धिमा जोड दिइनेछ ।
- ❖ **"सूचना, तपाईको अधिकार"** भन्ने नारालाई कार्यान्वयन गरी सुशासन अभिवृद्धि गरिनेछ ।
- ❖ प्रशासनिक संयन्त्रलाई चुस्तदुरुस्त र मितव्ययी बनाई क्रमशः प्रशासनिक बजेटलाई घटाउदै विकास बजेटलाई बढाउने नीति अंगिकार गरिनेछ ।
- ❖ निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ कार्यालयको प्रशासनिक तथा भौत्तिक अवस्थालाई क्रमशः सुदृढ गर्दै लगिने छ ।
- ❖ वडा कार्यालयहरुको सुदृढिकरण गरी सेवा प्रवाहलाई सुदृढ गर्दै लगिने छ ।
- ❖ गाउँपालिकामा कार्यरत कर्मचारीहरु तथा जननिर्वाचित पदाधिकारीहरुको लागि आचारसहिंता निरन्तारिकता दिनेछ ।
- ❖ सेवा प्रवाह कार्यलाई प्रभावकारी बनाउन पहिलो प्रवेश पहिलो सेवा प्रणाली (First Come-first Service) अवलम्बन गरिने छ ।
- ❖ गाउँपालिका अन्तर्गतका सबै कार्यालयहरु सेवाग्राही मैत्री बनाइने छ ।
- ❖ राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कार र गलत काम गर्नेलाई कारवाहीको व्यवस्था गरिने छ ।
- ❖ गाउँपालिकामा कार्यरत कर्मचारीहरुमध्ये कार्यबोझको आधारमा मापदण्ड निर्धारण गरी प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।
- ❖ पदाधिकारी एवं कर्मचारीको क्षमता विकास अभिवृद्धि र प्रोत्साहनको लागी प्रतिफल युक्त तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
- ❖ गाउँपालिकाको सम्पूर्ण सेवालाई महिला, बाल र युवा मैत्री बनाउन प्रयत्न गरिने छ र सबै गाउँवासी जनतालाई सूचनाको हक अधिकारको पूर्णरुपमा प्रत्याभुति दिलाइने छ ।
- ❖ अन्तर सम्बन्धको विकास गर्दै विदेशका उत्कृष्ट गाउँपालिका सँग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिने छ ।
- ❖ कर तथा गैर कर असुल उपर गर्ने सम्वन्धी कानून निर्माणका लागि आवस्यक व्यवस्था मिलाइने छ ।
- ❖ यस गाउँपालिकाको कर प्रणालिलाई लगानि मैत्री वनाई उत्पादनमुलक क्षेत्रमा लगानी प्रवर्धन गर्ने नीति अवलम्वन गरिनेछ ।
- ❖ गाउँपालिकाको अधिनकाक्षेत्र भित्र पर्ने आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको क्षेत्र फराकिलो वनाउने नीति लिएको छु ।
- ❖ गाउँपालिकामा कर तथा गैरकर असुल उपर गर्ने, चुहावट नियन्त्रण गर्ने, समन्वय र अनुगमन गर्ने संरचनागत संगठन व्यवस्थापन गर्न आवश्यक पहल गरेकोछु।

❖ हाल गाउँपालिकाको आफ्नो घर नभएका कारण जिन्सी व्यवस्थापन नियम संगत सुचारु गर्न नसकिएता पनि चलअचल सम्पत्तिको जोखा लिपिवद्ध रहेको पाइएपनि सो लाई थप व्यवस्था मिलाउने नीति लिएकोछु ।

❖ समाजका विभिन्न क्षेत्रमा रहेका संस्थागत र मिलोमतोमा हुने गरेको भ्रष्टाचारलाई न्यूनिकरण र नियन्त्रण गर्न भ्रष्टाचार जन्य कृयाकलाप बिरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

❖ यस गाउँपालिकामा कार्यरत राष्ट्रसेवककर्मचारीहरुलाई सेवाप्रवाहमा उत्प्रेरित गरी उच्चमनोवलका साथ कार्य गर्ने वातावरण तयार गर्न विशेष नीतिलिइनेछ । निजामति सेवा दिवशको अवसरमा यस स्थानिय निकायमा कार्यरत राष्ट्रसेवक निजामती कर्मचमरीहरु मध्ये उत्कृष्ट सर्वोत्कृष्ट कर्मचारी पुरस्कृत गरिने कार्यक्रम सन्चालन गरिनेछ ।

❖ यस गाउँपालिकाको सार्वजनिक खर्चमा मितव्ययीता, प्रभावकारिता कायम गर्न मितव्ययीता सम्वन्धीनीतिगत व्यवस्था गरिनेछ । गाउँपालिका का पदाधिकारिहरुले प्रयोग गर्ने सवारी साधन र सन्चालनको मापदण्ड तयार गरि लागू गरिनेछ ।

❖ बजेट खर्चगर्दा आन्तरिक नियन्त्रण प्रणालि सुदृढ गरि आन्तरिक लेखा परिक्षणलाई थप प्रभावकारी वनाइनेछ ।

❖ आगामी आर्थिक वर्षको लागि विनियोजित बजेटको स्रोत फरकपरेमा सोलाई असोज मसान्तभित्र संसोधन गरि सक्नु पर्ने नीतिलिइएको छ ।

❖ यस गाउँपालिकावाट विभिन्न मितिमा तयार गरिएका ऐन, नियम, कार्यविधीहरुलाई समय अनुकुल परिमार्जन गरी सेवामुखि वनाउदै लगिने नीति लिइएकोछ ।

❖ गाउँपालिकामा आवस्यक र उपयुक्त कानून, नियमावलि, कार्यबीधी तथा निर्देशिका तयार गरि गाउँवासिहरुलाई सरल, सहज र प्रभावकारि सेवाप्रदान गरिने छ ।

❖ गाउँपालिकाको लागि अति आवश्यक नीतिनियम, नियमावली र कार्यविधि बनिसकेको तथा आवश्यक पर्ने अन्य नीतिनियम, नियमावली र कार्यविधि बनाउँदै जाने नीति लिइएको छ।

❖ सुशासनका आधारभूत पक्षहरु उत्तरदायित्व जवाफदेहिता, पारदर्शिता, जनसहभागिता र सामाजिक भावनालाई प्रवर्धन गर्दै सेवाग्राहिहरुलाई सुशासनको अनुभुति दिलाउन गाउँपालिका तथा वडाहरुवाट प्रदान गरिने सेवा प्रवाह तथा सन्चालित आयोजनाहरु तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, आयोजना स्थलमै भुक्तानी परिक्षण, सामाजिक परिक्षणलाई निरन्तरता दिदै कामका आधारमा रकम भुक्तानि गरिने नीति लिएकोछु ।

❖ बर्दगोरिया गाउँपालिका तथा मातहतका सम्पुर्ण कार्यालयहरु सम्म इन्टरनेटको सुलभ पहुच गराई इन्टरनेट विस्तारको व्यवस्था मिलाइने छ।

❖ समाजसेवि, राजनीतिकर्मी, शिक्षक, भलमन्सा, अगुवा कर्मचारीहरुलाई सकारात्मक सोच सम्बन्धि तालिमको व्यवस्था मिलाइने छ।

❖ बहुभाषा, बहुधर्म, बहुजाति, सांकृतिक सद्भाव कार्यक्रमको व्यवस्था गरिनेछ।

❖ योजनाहरु सञ्चालनगर्दा दीर्घकालिन, उत्पादनशील तथा धेरै गाउँवासीहरु लाभान्वितहुने खालको स्थानीयस्तर, वडास्तरबाट प्राप्तहुने योजाहरुलाई प्राथमिकता दिई आवश्यकताको आधार(Need Base) मा सबै वडाहरुको समानुपातिक विकासलाई समेत ध्यानमा राखी योजनातर्जुमा प्रकृया अगाडी वढाएको छु ।

## ६. वित्तिय व्यवस्थापन तथा सुशासनसम्बन्धि नीति तथा कार्यक्रमहरु

- ❖ संघीय सरकार, महालेखा परिक्षणको कार्यालय, महालेखा नियन्त्रण कार्यालय तथा केन्द्रिय लेखा प्रणलीका आम्दानी तथा खर्च शिर्षकहरुमा गाउँपालिकाको आम्दानी तथा व्ययका शिर्षकहरुलाई मिलान हुने गरी योजना तथा लेखा प्रणाली संचालन गरिने छ ।
- ❖ राजस्व सम्बन्धमा विस्तृत अध्ययन गरी प्रतिवेदन लिई करका दायरालाई अभिवृद्धि गरिने छ ।
- ❖ गाउँपालिकामा करको दायरामा आउन नसकेका र ल्याउन नसकिएका व्यवसायी तथा गाउँपालिका वासीहरुको पहिचान गरी दायरामा ल्याउन प्रयत्न गरिने छ ।
- ❖ कर संकलन प्रक्रियालाई पारदर्शी बनाउने, अभिलेखीकरणलाई व्यवस्थित गर्ने तथा विगत आ.व. देखि एकिकृत सम्पत्तिकर लागू गरिएकोमा उक्त कार्यलाई निरन्तर्ता दिइने छ ।
- ❖ कर सचेतना सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।
- ❖ उत्कृष्ट कर तिर्ने करदातालाई सम्मान तथा पुरस्कृत गर्ने अख्तियारी गरिने छ । यसक्रममा बार्षिक रु. पचास हजार भन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था शुरु गरिनेछ ।
- ❖ अनावश्यक खर्च नियन्त्रण गरिने छ । खर्चलाई नतिजासँग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिने छ

## ७. राजस्व परिचालन

- ❖ करको संभावित नयाँ क्षेत्रको पहिचान अध्ययन गरिनेछ ।
- ❖ कर तथा राजस्वको दायरामा आउन छुटेका व्यक्ति तथा संस्थाहरुलाई करको दायरामा ल्याइनेछ ।
- ❖ करदाताहरुको अभिलेख प्रविधिमा आधारीत गरिनेछ ।
- ❖ करदातामैत्री सहयोग कक्ष (Help Desk) स्थापना गरिनेछ ।
- ❖ सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुसंग कर सम्बन्धि सूचना आदान प्रदान गरिनेछ ।
- ❖ राजस्व संकलन र बाँडफाँडको विधि एवं प्रक्रियाको निर्धारण गरिनेछ ।
- ❖ चलु आ.व. देखि घर वहाल कर संकलन गरिनेछ । घर वहाल कर प्रयोजनको लागी क्षेत्र निर्धारित गरेर न्यूनतम मासिक दर कायम राखेर राजस्व संकलन गरिनेछ ।
- ❖ व्यवसाय कर संकलनका लागी वडा कार्यालयहरुमा व्यवसाय दर्ता गरी व्यवसाय लगत राखि व्यवसाय दर्ता अभियानको रुपमा संचालन गरिनेछ ।
- ❖ वडा कार्यालयहरुको प्रभावकारी व्यवस्थापन गरी वडा कार्यालयमा व्यापार व्यवसायको लागी संकलन, दर्ता र नविकरणको व्यवस्था मिलाईनेछ ।
- ❖ राजश्व परामर्श समितिले बजार क्षेत्रको अनुगमन गरी व्यवसायीलाई गाउँपालिकामा दर्ता गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रम संचालन गरिनेछ ।
- ❖ व्यवसायीलाई  रावश्व शुल्क सम्बन्धि के कस्तो समस्या छ त्यसको छालफलगरी राजश्व परामर्श समितिमा लगिने छ ।
- ❖ राजश्व संकलन गर्ने कर्मचारीहरुको सीप विकास क्षमता अभिवृद्धि गर्ने खालका तालिम गोष्ठी संचालन गरिने छ ।
- ❖ राजश्व संकलनको कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

## ७. बजेट निर्माण तथा कार्यान्वयन सम्बन्धी नीति

- ❖ आएका बजेटलाई छलफलगरी सोही अनुसार टोल/टोल, वस्ती/वस्ती हुँदै वडा कार्यालयबाट

प्राथमिकताको आधारमा छनौट गरिने छ । बजेट निर्माणको केन्द्र वडालाई मानिएको छ ।

- ❖ जनसहभागिता अभिवृद्धि गर्नको लागि साझेदारी नीतिलाई प्रवर्द्धन गर्ने नीतिलाई प्रमुखता दिइने छ ।
- ❖ गाउँपालिकाको असिमित आवश्यकता र चाहनालाई पूरा गर्नको लागि सबै वडा कार्यालयहरुबाट पेश भएका योजनाहरुमा बजेट नपूग भएकोले योजनाहरुलाई एकत्रित गरी योजना बैकको रुपमा राखिने र ति योजनाहरुको प्राथमिकताको आधारमा लाग्ने थप रकम निकासाको लागि प्रदेश सरकार र संघीय सरकारमा माँग गरिने छ ।

## ८. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको निती

- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रमबाट नेपालको संविधान २०७२ मा रहेको मौलिक हक अन्तर्गत "रोजगारीको हक" र रोजगारीको हक सम्बन्धी ऐन, नियमावली तथा निर्देशिका कार्यान्वनमा विशेष जोड दिइनेछ ।
- ❖ "**श्रमलाई सम्मान बर्दगोरियाको अभियान**" भन्ने नाराका साथ गाउँपालिकाका विकास निर्माणका आयोजनाहरुमा यस गा.पा. का बेरोजगारको सुचीमा सुचिकृत बेरोजगारहरुलाई काममा अनिवार्य लगाउनु पर्ने व्यवस्था गरिएको छ।
- ❖ विभिन्न ऐन, नियममा व्यवस्था भए बमोजिम
- ❖ आयोजनाहरुमा मसिनरी उपकरणको प्रयोगलाई न्यून गर्दै श्रमिकको प्रयोग गरि रोजगारी सृजनामा जोड दिईने छ ।
- ❖ संघ सरकारबाट सुचिकृत बेरोजगारलाई काममा लगाउन ससर्त अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट निर्माण सामग्री खरिदको लागि व्यवस्था गरिने छ।
- ❖ रोजगार सूचना व्यस्थापन प्रणालीको स्थापना गरि सम्पूर्ण बेरोजगार व्यक्तिहरुको तथ्यांकलाई व्यवस्थित गरिने छ।
- ❖ स्थानीय स्तरमा रहेका विभिन्न संघसंस्था, निजी क्षेत्र तथा अन्य निकाय मध्यबाट सबै भन्दा बढी रोजगारी दिनेलाई पुरस्कृत गरि सम्मान गरिने छ ।
- ❖ बेरोजगार युवायुवतीहरुका लागि रोजगारमुलक र सीपमुलक तालीम संचालन गरि दक्ष र सक्षम जनशक्ति विकास गरि आन्तरिक रोजगारीको प्रबन्धन र विस्तार गरिने छ ।
- ❖ बेरोजगारहरुको ज्ञान, सीप योग्यता, अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीपविकास तालिमको पहिचान गरि सम्बन्धी तालिम केन्द्रमा सिफारिस गरिने छ ।
- ❖ स्थानीय स्तरमा रोजगारी सृजनाका लागि निजी, सरकारी र गैरसरकारी क्षेत्रसंग आवश्यक सहकार्य गरि थप रोजगारी सृजना गरिने छ ।
- ❖ सबैका लागि रोजगारीको प्रत्याभूति हुने खालका कार्यक्रम तय गरिने छ, यस कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- ❖ बेरोजगार व्यक्तिका लागि बैंक तथा अन्य वितिय संस्थामार्फत सहुलियतपूर्ण ऋण उपलव्ध गराउन आवश्यक सहयोग गरिने छ ।
- ❖ 'कामका लागि पारिश्रमिक (Cash for Work) कार्यक्रम संचालन गरिने छ, सुचिकृत बेरोजगार व्यक्तिलाई पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनामा संग्लन गराई ज्याला बापतको रकम नगदै भुक्तानी गर्ने अल्पकालीन रोजगारका कार्यक्रम लागू गरिने छ ।

- ❖ स्थानीय स्तरमा रोजगारी सृजना गर्नका लागि संघ र प्रदेश सरकार संग आवश्यक समन्वय गर्दै यस गा.पा. को रोजगार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- ❖ रोजगारी सिर्जना सम्बन्धी अध्यन अनुसन्धान गरि रोजगारको नया क्षेत्र पहिचान गरिने छ।
- ❖ स्थानीय तहमा दर्ता भएका बेरोजगारव्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममूलक आयोजना मार्फत समुदायको विकाससंगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ l
- ❖ कामका लागि पारिश्रमिकमा,कामका लागि खाद्यान्न सामुदायिक आयोजनाहरुमा सरोकारवालाहरु संग साझेदारीका लागि पहल गरिनेछ।
- ❖ युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- ❖ बैदेशिक रोजगारी बाट फर्किएका,रोजगारी गुमाएका युवाहरुलाई उद्यमशीलता विकास गराउन बिउँ पुजी उपलब्ध गराउने गरि आवश्यक व्यवस्था गरिनेछ।
- ❖ बेरोजगार तथा रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्शांकन कार्य अघि बढाइनेछ l
- ❖ स्थानिय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई निरन्तरता तथा प्राथमिकता साथ संचलान गरी श्रममूलक आयोजना मार्फत समुदायको विकासमा जोड दिईनेछ।
- ❖ यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना शसक्त रुपमा कार्यान्वयन गरिनेछ।
- ❖ गाउँपालिकामा संचालित संघ, प्रदेश तथा स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरु नै लगाईने व्यवस्था गरिनेछ।
- ❖ स्थानीय तहमै रोजगारीको सम्भावना पत्ता लगाउन रोजगार नक्शांकन कार्य अघि बढाईने छ।
- ❖ स्थानीय तहमा रोजगारमूलक कार्य सृजना गर्न निजी, सरोकारवाला निकाय तथा गैह्सरकारी संस्था सँग सहकार्य र समन्वयमा जोड दिईनेछ।
- ❖ सूचिकृत बेरोजगारहरुको ज्ञान, सीप, योग्यता, अनुभव र आवश्यक मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान समेत गरी सम्बन्धित तालीम केन्द्रमा सिफारिस गरिनेछ।
- ❖ रोजगार सेवा केन्द्रलाई व्यवस्थित गरी श्रम बैंक स्थापना गर्ने नेपाल सरकारको योजनालाई यस गाउँपालिकाको ६ वटै वडा मार्फत प्राथमिकतामा राखी थप प्रभावकारी वनाई रोजगार प्रप्तीलाई सहज बनाईने छ।
- ❖ कोभिड- १९ महामारीको कारण बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई रोजगारी प्रदान गर्न उनिहरुको सीप क्षमता आवश्यकता पहिचान गरी लघुउद्यम व्यावसाय तथा कृषि तर्फ आकार्षित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ।

**आदरणिय सभा अध्यक्ष तथा उपस्थित सभासदहरु**

अब म यहाँहरु समक्ष यस गाउँपालिकाको कार्यपालिकाको तर्फवाट आर्थिक वर्ष २०७८।७९ का लागि पारित गरेको नीति तथा कार्यक्रम, दीगो विकासको लक्ष्य, नेपाल सरकारको विकास लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउन र नेपालको संविधानले अङ्गीकार गरेका मौलिकहक र नीति तथा कार्यक्रमहरु समावेस गरिएको बर्दगोरिया गाउँपालिकालाई समृद्ध र समुन्नत बनाउनका लागि निम्नानुसारको अनुमानित बजेट विनियोजन प्रस्तुत गर्न लागि रहेकोछु ।

नेपाल सरकार बाट प्राप्त शसर्त अनुदान रु १४,७५,००००० ।— (चौध करोड पचहत्तर लाख मात्र) नेपाल सरकार बाट प्राप्त विषेश अनुदान रु २,९१,००००० ।— (दुई करोड एकानब्बे लाख मात्र) नेपाल सरकार समपुरक अनुदान १,३९,००००० ।—(एक करोड उनान्चालिस लाख) नेपाल सरकार निसर्त अनुदान (वित्तिय समानिकरण अनुदान) रु ११,९१,००००० ।— (एघारा करोड एकानब्बे लाख) केन्द्र सरकार राजश्व बाँडफाँड रु ७,८६,०९,००० ।— (सात करोड छियासी लाख नौ हजार), प्रदेश सरकार वित्तिय समानिकरण रु ८४,५८,००० ।—
(चौरासी लाख अन्ठाउन्न हजार), प्रदेश सरकार विषेश अनुदान रु २५,००,००० ।— (पच्चिस लाख), प्रदेश सरकार समपुरक अनुदान रु १०,००,००० ।— (दस लाख), प्रदेश सरकार राजश्व बाँडफाँड रु २०,२३,००० ।— (बिस लाख तेइस हजार), गाउँपालिका आन्तरिक श्रोत रु ६०,००,००० ।—(साठी लाख),गाउँपालिका राजश्व बाँडफाँड रु ६६,००,००० ।— (छैसठ्ठी लाख), बैंक अ.ल्या.रु ३,२३,००,००० ।— (तिन करोड तेइस लाख), जम्मा शसर्त पुजिगत रु २,५३,००,००० ।—(दुई करोड त्रिपन्न लाख), अन्य पुजिगत रु १७,४०,५८,००० ।—(सत्र करोड चालिस लाख अन्ठाउन्न हजार), शसर्त चालु रु १२,२२,००,००० ।—(बाह्र करोड बाइस लाख), अन्य चालु रु १२,५५,३२,००० ।—(बाह्र करोड पचपन्न लाख बत्तिस हजार), नेपाल सरकार जम्मा रु ३८,८२,०९,००० ।—(अर्तिस करोड बयासी लाख नौ हजार),प्रदेश सरकार जम्मा रु १,३९,८१,००० ।—(एक करोड उन्चालिस लाख एकासी हजार), गाउँपालिकाको जम्मा रु ४,४९,००,००० ।— (चार करोड उनपचास लाख) गरी कुल जम्मा अनुमानित बजेट रु ४४,७०,९०,००० ।—(चौवालिस करोड सहत्तरी  लाख नब्बे हजार मात्र)

नोटः "यस बजेटमा सामाजिक सुरक्षाभत्ता र अन्य पछि प्राप्तहुने कोषहरु समावेस गरिएको छैन ।उपरोक्त विषयगत समितिमा विनियोजन गरिएको रकम हेरफेर गर्न सकिनेछ।"

यस वजेटको कार्यान्वयनवाट आर्थिक क्रियाकलाप विस्तार भै उच्च आर्थिक बृद्धिदर हासिल हुने अपेक्षा राखेकी छु । प्रस्तुत् बजेटवाट मानव विकासका सूचकहरुमा क्रमशः सुधारहुदै जानेमा म विस्वस्त छु ।

- ❖ यस वजेटले गाउँपालिकाको विकासको खाका तयार गरि आवधिक योजना निर्माणका लागि थप आधारहरु तय हुने बिस्वास लिएकी छु ।
- ❖ आर्थिक सामाजिक लगायत सवै क्षेत्रहरु समेट्ने गरी कार्यक्रम प्रस्ताव गरिएको हुँदा  यो बजेटले गाउँपालिकाको  विकासको दीर्घकालिन मार्गचित्र प्रस्तुत गर्ने कुरामा म विस्वस्त छु।

यस नीति तथा कार्यक्रममा बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नु हुने अध्यक्ष ज्यू, बिषयगत संयोजक ज्यू, कार्यपालिकाका सदस्यज्यूहरु यस सभाका सम्पूर्ण सभासद ज्यूहरु प्रतिहार्दिक आभार प्रकट गर्दछु । यस गाउँपालिकाको नीति तथा कार्यक्रम एवम आर्थिक वर्ष २०७८।०७९ को बजेटका सिद्धान्त, उद्धेश्य, प्राथमिकता र प्रमुख नीति उपर कार्यपालिका बैठकमा छलफल भई कार्यपालिकाका सदस्यज्यूहरुले दिनु भएका सुझावहरु प्रस्तुत बजेटको आधारको रुपमा रहेका छन् । बजेट छलफलका क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने सभाका सम्पूर्ण सदस्यज्यूहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधि ज्यूहरु, राष्ट्र सेवक कर्मचारी, बुद्धिजीवि, अर्थशास्त्री, निजी क्षेत्रका

संघ संगठानहरु, पत्रकारहरु, सुरक्षाकर्मीहरु लगायत सम्पूर्ण दिदीबहिनी, दाजुभाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

गाउँपालिकाको विकास र समृद्धिमा सदभाव र सहयोग पुर्याउनु हुने आमनागरिक, करदाता गाउँपालिकाको हित र समुन्नतिमा लागि परेका सबै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको पूर्ण सहयोगको अपेक्षा गरेकी छु ।

अन्तमा यस सम्मानित गाउँसभामा वजेट मन्तव्य यही पुरा गर्दै विदा लिन्छु । धन्यवाद ।

भगवति देवी डगौरा थारु
उपाध्यक्ष
बर्दगोरिया गाउँपालिकाको कार्यालय मुडा, कैलाली
मिति २०७८ साल अषाढ १० गते